नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan

वर्ष १०, अंक ८, २०७४ माघ १-१५, मूल्य : १०० येन

Vol. 10, No. 8, Jan. 16-31, 2018, Price : ¥ 100

टोकियोका ४ हजार सुकुम्बासीहरु नेट क्याफेमा सुत्छन्

❑ **नेस संवाददाता**

टोकियो - टोकियो क्षेत्रमा रहेका सुकुम्बासी अर्थात होमलेसहरू मध्ये करिब ४ हजार जनाले २४ सै घण्टा चल्ने नेट क्याफेहरूमा सुत्ने गरेको एक सर्बेक्षणबाट थाहा लागेको छ । टोकियो महानगरपालिकाले पहिलो पटक गरेको यस प्रकारको सर्बेक्षणबाट सो तथ्य थाहा लागेको जापान टुडेले प्रकाशित गरेको छ । उनीहरू मध्ये करिब ७० प्रतिशत अर्थात ३ हजार जना अस्थायी कामदार रहेको र उमेरको हिसाबले ३८ दशमलव ५ प्रतिशत ३० बर्ष उमेर समुहका छन् भने २७ दशमलव ९ प्रतिशत ५० बर्ष उमेर समुहका छन् ।

३० बर्ष उमेर समुहका सुकुम्बासीहरू

»» बाँकी पृष्ठ ६ मा

सन्धि पुनरावलोकन गर्न भारत सहमत

❑ **नेस डेस्क**

काठमाडौं - नेपाल-भारत सिमा विवाद पटक-पटक सतहमा आउने गरेको छ । नेपाली भूमि मिचिएको कुरा होस वा सिमास्तम्भ गायब भएका समाचार । यो विषय वर्षेनी चर्चामा आउँछ । तर यस पटकको प्रवुद्ध ब्यक्ति समुह (इपीजी) को बैठकमा भने सन् १९५० को नेपाल-भारतबीचको मैत्री सन्धि पुनरावलोकन गरिने कुरा औपचारिक रूपमा उठेको छ । यसै सन्दर्भमा हामीले वैदेशिक मामिला सम्बन्धी जानकार, नेपाल-भारत सम्बन्ध पुनरावलोकन गर्न दुवै देशले बनाएको प्रवुद्ध ब्यक्ति समुह (इपीजी) का सदस्य तथा एमाले युवा नेता डा. राजन भट्टराईसँग कुराकानी गरेका छौं । प्रस्तुत छ, उहाँसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः

डा. राजन भट्टराई

»» बाँकी पृष्ठ ६ मा

जापानी महिला जसले ट्रेनमै बच्चा जन्माईन

❑ **नेस संवाददाता**

काठमाडौं - जापानको चिवा प्रिफेक्चरमा शुक्रबार एक २० वर्षीय महिलाले ट्रेनमा नै बच्चाको जन्म दिएकी छिन् । बच्चाको जन्मपश्चात आमा र बच्चाको स्वास्थ्य राम्रो भए पनि उनीहरूलाई फायर फाइटरर्स ग्रुपले सुरक्षित रूपमा अस्पताल पुर्‍याएको थियो ।

काशिवा स्टेशनमा अकस्मात आलाराम बजाएर ट्रेन रोकिएपछिको अवस्थालाई बुझ्दा ती महिला ट्रेनमा पल्टिएर बच्चाको

»» बाँकी पृष्ठ ४ मा

विदेशी पर्यटकलाई नि:शुल्क स्मार्टफोन

❑ **नेस संवाददाता**

टोकियो - कानागावा केनले बिदेशी पर्यटकहरूलाई नि:शुल्क स्मार्टफोन उपलब्ध गराउने भएको छ । २ बर्षपछि टोकियोमा आयोजना हुन लागेको ओलम्पिकलाई मध्यनजर गर्दै सो योजना ल्याईएको हो । कानागावा केनले नि:शुल्क स्मार्टफोन उपलब्ध गराउनका लागि सम्बन्धित कम्पनीहरूसँग यहि मंगलबार एक सम्झौता गरेको हो । सो सेवाको लागि कानागावा केनले यहि फेब्रुअरी

»» बाँकी पृष्ठ ३ मा

Published By:
GMT International Co., Ltd.

Tilak Malla
Chairman

Bhushan Ghimire
Editor

Dr. Bhupal Man Shrestha
Managing Director

2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

सम्पादकीय

चुनौती संघीयताको

नेपालको संविधान २०७२ बमोजिम ०७४ माघ ७ गतेभित्र तीनै तहको निर्वाचन सम्पन्न गरिसक्नुपर्ने प्रावधानअनुसार सो कार्य सम्पन्न भएसंगै मुलुक संघीय राज्य प्रणालीमा प्रवेश गरेको छ । संघीयता कार्यान्वयनको चरणमा मुलुक प्रवेश गरेसंगै देशले स्थायित्व पाउने तिब्र अपेक्षा गरिएको छ । यद्यपि संविधान र संघीयता कार्यान्वयनमा थुप्रै चुनौतीहरू भने अवश्य छन् । निर्वाचनले मुलुकलाई अगाडि बढाउने स्पष्ट मार्गचित्र दिए पनि निर्वाचनपछिको बिकसित राजनैतिक घटनाक्रम, परिस्थिति र नयाँ नयाँ चुनौतीलाई सामना गर्न दलहरूले अझै पनि सहमती र सहकार्यको राजनीतिलाई निरन्तरता दिन आवश्यक देखिएको छ । तथापि निर्वाचनपछि ताजा परिणामको दम्भले दलहरूबीच केही दूरी बढाएको सहजै अनुमान लगाउन सकिन्छ ।

निर्वाचनपछि संविधान र संघीयता कार्यान्वयनमा भन्दा दलहरू सत्ताकै खेलमा पुरानै शैलीमा अगाडि बढ्न खोजेको देखिन्छ जसले जनतामा निराशा उत्पन्न गराएको छ । मुलुकमा अझै दलहरूबीचको सहमति, सहकार्यको राजनीति आवश्यक भए पनि उनीहरूले राष्ट्रिय हितलाई भन्दा पनि पार्टीगत स्वार्थलाई केन्द्रमा राख्ने गरेकोले आगामी राजनीति यात्रा सहज ढंगले अगाडि बढ्नेमा आशंका पैदा गराएको छ । तीन तहको निर्वाचन, प्रदेश प्रमुखको नियुक्ति र अस्थायी राजधानी घोषणाबाट संघीयता कार्यान्वयनको प्रारम्भिक चरण थालनी भएको छ । यसको पूर्ण कार्यान्वयनका लागि आगामी दिनमा दलहरूबीच सहमति र सहकार्यको आवश्यकता अझ चुलिएर गएको छ ।

सहमतीकै आधारमा विगतमा सबै खालका चुनौतीको सामना गर्दै आएका राजनीतिक दलहरूका अगाडि अब ठूलो चुनौती भनेको आर्थिक समृद्धिको रहेको छ । यो चुनौतीको सामना गर्न पनि दलहरू एक ठाउँमा उभिनुको कुनै विकल्प छैन । निर्वाचनमार्फत नेपाली जनताले कुनै दललाई ठूलो र कुनैलाई सानो साइज बनाएको भए पनि दलहरू अझै पनि मिलेर अगाडि बढ भन्ने जनमत पनि संगै दिएका छन् । यो अवस्थामा राजनीतिक दलहरूले बिजयको उन्मादमा दम्भ प्रदर्शन गर्ने भन्दा पनि जनमतको कदर गर्दै मुलुकलाई निकास दिने बाटोमा अग्रसर हुनुपर्छ र सबै दलहरूलाई मिलाएर संयोजनकारी भूमिका निर्बाह गर्दै अगाडि बढ्नुपर्छ । गणतन्त्र, संघीयताको घोषणा र त्यसको कार्यान्वयनका लागि सहमतिमै अगाडि बढेका दलहरू ती उपलब्धिहरूलाई संस्थागत गर्ने बेलामा दूरी बढ्ने खालका अवाञ्छित क्रियाकलाप कसैबाट हुनुहुँदैन । प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने कार्यमा दलहरू बीच मतैक्यता हुनु आवश्यक छ । निर्वाचनपछि ठूलो बनेको दलमा एक किसिमको अहंकार देखिएको छ त्यसले मुलुकलाई मात्र होइन उक्त दललाई समेत फाईदा नहुने निश्चित छ ।

राजनैतिक रस्साकस्सीका बीच ढिलै भएपनि मुलुकले सात प्रदेशको अस्थायी राजधानी र प्रदेश प्रमुख पाईसकेको छ । यो निर्णयसँगै संघीयता कार्यान्वयनको व्यवहारिकरूपमै अभ्यास शुरू भएको छ । प्रदेश राजधानीकै विषयलाई लिएर मुलुकको आगामी राजनीति प्रभावित हुने संकेत पनि सतहमा देखिएका छन् । अर्कोतिर मधेशको मुद्दा अब पेचिलो बन्दै जाने पक्का छ, अबको वाम सरकारले मधेशको मुद्दालाई थाँती नै राखेर संघीयता पूर्ण कार्यान्वयन गर्न गाह्रो मात्र छैन असंभव प्रायः छ । त्यसैले मुलुकलाई समृद्धिको बाटोमा डोर्‍याउनका लागि राजनैतिक सहमतिमै समस्याहरू क्रमशः सल्टाउँदै जान आवश्यक छ ।

प्रवासबाट के सिक्ने, के अपनाउने ?

विचार

डिल्लीराम अम्माई

हामी कि त पुरै सकारात्मक छौं कि पुरै नकारात्मक । हामी आलोचनात्मक हुनुपर्ने हो त्यो हुन सकिरहेका छैनौं । हामीले आफ्नै सँास्कृतिक विशेषता र सभ्यताको मर्मत गर्नमा विदेशमा आर्जन गरेको ज्ञानलाई प्रयोग गर्न सक्यौं भने हाम्रो कला र सँस्कृतिको भविष्य उज्ज्वल हुनेछ ।

पछि पारिएको तर ब्यापक बहस चलाउनुपर्ने आधुनिक नेपाली सँस्कृति बारेको बहस अहिले निस्क्रिय बन्दै गएको छ । न त्यो बहस नेपालका बुद्धिजिबी वर्गले बहसमा ल्याउने प्रयत्न गरेका छन्, न त झण्डै १२ लाखको हाराहारीमा डायस्पोराको मञ्च सम्हालिरहेका एनआरएनएहरूले नै । प्रवासको नयाँ पुस्ताको अबको सँास्कृतिक र पश्चिमा ज्ञानबारे धारणा के त ? यो सार्थक बहस अब नचलाई नहुने अवस्था छ । उनीहरूलाई हाम्रो पूर्वीय दर्शन र कलाबारे एउटा दृष्टिकोण हस्तान्तरण गर्नु पुरानो पुस्ताको दायित्व पनि हो । त्यसैले यो आलेखमा पश्चिमा ज्ञानलाई हाम्रो मौलिक कलासँग कसरी जोड्ने भन्नेबारे एउटा राय राखिएको छ जसको उद्देश्य केवल बहसको निमन्त्रणा हो भन्दा अत्युक्ति नहोला ।

आमअर्थमा प्रवासमा हामीले सिक्नुको अर्थ, सिकेका सम्पूर्ण कुराहरूको आयात गर्नु हैन । हामीले सिकेका सम्पूर्ण कुरालाई आलोचनात्मक रूपमा ग्रहण गर्नुपर्छ । हामीले हाम्रो पहिचानको रक्षार्थ र समाजको हित हुने क्रममा जसरी प्राचीनबाट सिक्दछौं त्यस्तै विदेश वा पश्चिमी सभ्यताबाट पनि सिक्न कन्जुस्याँई गर्नुहुँदैन । तलका शब्द यही कुराको पुष्टिको लागि हुन् ।

हामीले विदेशी राष्ट्र वा आफू बसेको देशबाट राम्रा कुराहरू सिक्नैपर्दछ र हाम्रो इतिहासको विकासक्रमबाट पनि राम्रा कुराहरू सिक्नुपर्छ । पूरा भाँडो नभरी राखेको अमिलोमा ढुसी लाग्छ । आधि बोतल अमिलोलाई हामीले पुरा भरेर राख्यौं भने बर्षौ केही हुँदैन । हामी दुवैतर्फको आधि-आधिलाई पूर्ण बनाउने प्रयास गर्नैपर्छ । हामी नेपाली र पश्चिमा दुवै कुरामा निपूण भयौं भने तिनलाई मिलाएर एउटा हाम्रा मौलिक विशेषतासहितको वस्तुमा बदल्न सक्छौं ।

बिपी र मदन भण्डारीले त्यो प्रयत्न गर्नुभयो, राजनैतिक परिप्रेक्षमा । त्यो सिद्धान्तको मौलिकतासहित हामीलाई शिक्षा दिने प्रयत्न पनि गर्नुभयो । उहाँहरू नेपाली र पश्चिमा दुवै सभ्यताको अध्ययनमा निपुण हुनुहुन्थ्यो । उहाँहरूको त्यो निपुणता उहाँहरूको दर्शनको व्याख्या, साहित्य र ब्यबहारमा प्रष्ट देखिन्थ्यो । उहाँहरूका दार्शनिक व्याख्या न विदेशी रचनासँग ठ्याक्कै मिल्ने खालका छन् न त पुराना शैलीका नेपाली राजनेताहरूका जस्ता छन् । हामीले उहाँहरूको स्पिरिटको मिहीन अध्ययन गरेजस्तो लाग्दैन । हामीले बिपी र मदन भण्डारीको यो स्पिरिटलाई मिहीन तरिकाले अध्ययन गर्नैपर्छ । नेपाली र पश्चिमा दुवै सभ्यता र राजनैतिक विकासक्रमको अध्ययनमा निपुण हुनुपर्छ, नेपाली र विदेशी कलाका राम्रा पक्षहरूलाई लिन कन्जुस्याँइ गर्नुहुँदैन । तिनलाई एक ठाउँमा गालेर एउटा नयाँ कलाको रचना गर्नुपर्छ । जुन हाम्रो राष्ट्रिय पहिचानले युक्त हुन्छ ।

निश्चय पनि नेपाली र पश्चिमा चिजको यस्तो सफल संयोजन सजिलो छैन । यो प्रक्रियाले गालिन समय लिन्छ । केही यस्ता चिज छन्, जसमा विदेशी चिजहरू मिलाउन सकिन्छ । उदाहरणको लागि साहित्यमा भाषा, चरित्र तथा पृष्ठभूमि नेपाली हुनैपर्छ । तर ती नेपाली किस्ताबन्दी संरचनामै आउनुपर्छ भन्ने छैन । हामीले केही यस्तो चिज निर्माण गर्न सक्दछौं जुन न नेपाली हो न त पश्चिमा । यदि त्यस्तो चिज खच्चडकै रूपमा भए पनि नराम्रो हुँदैन । दुई चिज जोडिएर बनेको तेश्रो वस्तु फरक हुनु स्वभाविक नै हो ।

यो कुरा बुझ्न मिहीन अध्ययनको जरूरी पर्छ । बाहिरबाट हेर्दा संसारका सबै देशको कला र राजनैतिक आधारभूत सिद्धान्तहरूमा समान हुन्छ । तर, रूप र शैलीगत भिन्नता अवश्याम्भावी छ । विभिन्न पश्चिमा समाजवादी देशहरूका प्रत्येक कलासँग समाजवादी अन्तरवस्तु छ । तर नर्वे, फिनल्याण्ड, डेनमार्क, बेल्जियम, जर्मनी आदिसंग आफ्नो मौलिक राष्ट्रिय चरित्र भिन्न-भिन्न छ । तिनीहरूबीच समानता र भिन्नता दुवै छ, साझा गुण र निजी विशेषताहरू दुवै विद्यमान छन । पंत्तिकारको बुझाईमा यो एउटा स्वभाविक नियम हो । सबै चिजहरू चाहे ती प्रकृतिसँग सम्बन्धित होऊन्, चाहे समाज वा ज्ञानको क्षेत्रसँग, यस्तै हुन्छन् । एउटै तलाउमा फुलेका कमलका फूलहरूलाई लिउँ । पहिलो हेराइमा ती समान देखिन्छन् तर जब हामीले गहिरिएर निरीक्षण गर्न थाल्छौं, प्रत्येक एक अर्कासँग फरक देखिन्छ । दुईवटा उस्तै नितान्त समान फूलहरू खोज्नु असम्भव छ ।

संघर्ष, क्रान्ति, रूपान्तरण आदि सबैको लगभग एउटै आधारभूत सिद्धान्त हुन्छ । तर जतिबेला केही सम्भाव्यता र प्रधान सिद्धान्तहरूमाथि आधारित भएर प्रयोगको कुरा आउँछ, त्यतिबेला प्रत्येक राष्ट्रमा भिन्नता दृष्टिगोचर हुन्छ । भारतीय स्वतन्त्रता संग्राम, फ्रान्सको राज्यक्रान्ति, चिनियाँ क्रान्ति, ०४६ को नेपाली जनआन्दोलन र ६२/६३ को जनआन्दोलनलाई लिउँ, आधारभूत रूपमा यी सबै क्रान्ति समान छन् । तर तिनको रूपका सन्दर्भमा, जसमा ती सिद्धान्त प्रयोग भए, यी सबै क्रान्तिका थुप्रै भिन्नताहरू छन् । उदाहरणको लागि भारतमा भएको औपनिवेशिकता बिरूद्धको आन्दोलन र नेपालमा भएका सबै आन्दोलनहरू स्वाधीनता र प्रजातन्त्र प्राप्तिका आन्दोलन हुन् । तर यी आन्दोलन सारमा प्रजातन्त्र प्राप्ति वा स्वाधीनताका लागि भए पनि रूपमा अत्यधिक भिन्नता पनि छन् ।

उदाहरणका लागि ०४६ को आन्दोलन सहरकेन्द्रित आन्दोलन थियो भने ६२/६३ को आन्दोलन राजतन्त्रविरूद्धको गाउँबाट शुरू भएको सशस्त्र विद्रोहको निष्कर्ष थियो । यो जनयुद्धको स्थगन सम्झौताबाट गरिएको मौलिक तथा अनौठो राजनैतिक ब्यवस्थापन थियो । त्यस्तै, भारतीय स्वतन्त्रता संग्राम साम्राज्यवादी औपनिवेशिकता बिरूद्धको विद्रोह थियो ।

संसारभरी रहेका समुदायबीच कलाको आफ्नै विशिष्ट राष्ट्रिय रूप र राष्ट्रिय शैली हुन्छ । सबैले यो कुरा बुझ्दैनन् । अझ प्रवासमा रहेकाहरूले यो कुरा बुझ्न झन मुश्किल हुन्छ । उनीहरू आफ्ना राष्ट्रिय विशेषताहरूको उपेक्षा गर्छन् र अन्धतापूर्वक पश्चिमाहरूको पूजा गर्छन् अनि के सोच्छन् भने हरेक सन्दर्भमा पश्चिमी सभ्यता नै उत्कृष्ट छ । उनीहरू पूर्ण पश्चिमीकरणको वकालत गर्दै निकै अगाडिसम्म पुग्दछन् । यो गलत हो । पूर्ण पश्चिमीकरण अव्यवहारिक छ र यसलाई नेपाली जनसाधारणले स्वीकार गर्दैन ।

नेपाली कला, संगीत, पेन्टिङ, नाटक, गीत र नृत्य तथा साहित्य प्रत्येकका आफ्नै ऐतिहासिक विकास क्रम छन् । विदेशी रमणीहरूले के भन्दछन् भने नेपाली मूल्यको कुनै नियम छैन र ती अध्ययनयोग्य अथवा विकासप्रिय लाग्दैनन् । यसले बस्तुतः नेपाली कलामा एउटा राष्ट्रिय शून्यवादको प्रवृतिलाई पश्रय दिइरहेको छ ।

संसारमा प्रत्येक राष्ट्रको आफ्नो इतिहास हुन्छ र त्यसका आफ्ना सवलता र दुर्वलता पनि हुन्छन् । आरम्भदेखि नै उत्कृष्ट र निकृष्ट चिज लामो समयसम्म परस्पर एकै ठाउँमा मिसिँदै आएका छन् । तिनलाई छुट्याउनु र निकृष्ट चिजको थुप्रोबाट असललाई अलग्याउनु अत्यन्त गाह्रो काम हो । तर यो कठिनाईका कारण हामी इतिहासलाई नकार्ने वा उपेक्षा गर्न सक्दैनौं । आफूलाई इतिहासबाट अलग्याउनु र आफ्नो सम्पदाको परित्याग गर्नु राम्रो हैन ।

निश्चय पनि यसको अर्थ यो हैन कि हामीलाई आफू रहेको प्रवासबाट सिक्ने आवश्यकता छैन । हामीले प्रवासबाट धेरै कुराहरू सिक्नैपर्दछ । हामीले आधारभूत कुराहरूमा निपुणता हासिल गर्नैपर्दछ । हामीले विदेशी कुराहरू सिक्छौं, किनभने हामी नेपाली समाजको मौलिक मूल्य-मान्यतासहित विकास गर्न चाहान्छौं, स्वदेशमा र प्रवासमा पनि । यस परिप्रेक्षमा प्राकृतिक र सामाजिक विज्ञान समान छन् । हामीले अन्तबाट सबै राम्रा कुराहरूमा निपूणता हासिल गर्नैपर्दछ र त्यसपछि त्यसलाई प्रयोगमा ल्याउनुपर्छ । त्यस प्रक्रियामा त्यसलाई विकसित गर्नैपर्ने हुन्छ । नेपाली मौलिकतालाई छुट्याउन विदेशबाट प्राप्त आधुनिक ज्ञान र पद्धतिको प्रयोग आवश्यक छ । जीव विज्ञान, रसायन विज्ञानलगायत भौतिक विज्ञान र चिकित्सा विज्ञानलाई नै लिउँ । यी सबै हरेक मुलुकमा आवश्यक छन् । त्यस्तै हाम्रो मौलिक आयुर्वेदिक चिकित्सा पद्धतिसँग पश्चिमा पद्धतिलाई जोडियो भने त्यो झन् आफ्ना विशेषतासहितको नयाँ र विकसित पद्धति बन्न सक्छ ।

हामीले यो कुरा स्वीकार्नु पर्दछ कि आधुनिक सँस्कृतिको परिप्रेक्षमा हामी पश्चिमाभन्दा पछि छौं, हामी पछाडि पारिएका छौं । के कलाको सन्दर्भमा पनि यही स्थिति हो त ? कलाका क्षेत्रमा हाम्रा सवलताहरू पनि उत्तिकै छन् । हामीले आफ्ना कमजोरी हटाउने अथवा सच्याउने क्रममा विदेशी राष्ट्रहरूबाट राम्रा कुराहरू ग्रहण गर्ने कुराहरूमा सकारात्मक हुनुपर्छ । यदि हामी हाम्रा पुरानै तरिकामा टाँस्सिइरहन्छौं र विदेशी साहित्य अध्ययन गर्दैनौं, त्यसलाई नेपालमा चिनाउँदैनौ, यदि हामी बिदेशी संगीतलाई कसरी सिक्ने र कसरी बजाउने भन्ने कुरा जान्दैनौं भने त्यो राम्रो हैन । हामी आफ्नोबाहेक सबै खराब भन्ने कठमुल्लावादी हुनुहुँदैन ।

तर प्रवासको नेपाली पुस्तालाई यो सबको ज्ञान छैन । उनीहरूले यताका सबै राम्रा र नेपालका सबै खराब भन्ने कुरामा विश्वस्त हुन थालेको आभास पाइन्छ । त्यो पछिको लागि खराब मात्र हैन अनिष्टकारी पनि छ । हामीले डायस्पोरामा जन्मे-हुर्केका नयाँ पुस्तालाई यो बुझाउन सक्नुपर्दछ कि कलामा स्वतन्त्र सिर्जनात्मक गुणहरू हुन्छन् । यो युगको चरित्र, साथै राष्ट्रिय चरित्रले विशिष्ट रूपबाट भरिएको हुन्छ । नेपाली कलाले बढीभन्दा बढी विगतलाई पनि हेर्नुहुँदैन, न त ज्यादाभन्दा ज्यादा पश्चिमीकरण नै हुनुपर्दछ । यसले ब्यापक रूपमा युग र राष्ट्रका विशेषताहरूलाई प्रतिनिधित्व गर्नुपर्दछ ।

यो सबै कुरा हामी प्रवासबाट मुलुकप्रतिको आफ्नो दृष्टिकोणको लागि हो । हामी कि त पुरै सकारात्मक छौं कि पुरै नकारात्मक । हामी आलोचनात्मक हुनुपर्ने हो त्यो हुन सकिरहेका छैनौं । हामीले आफ्नै सँास्कृतिक विशेषता र सभ्यताको मर्मत गर्नमा विदेशमा आर्जन गरेको ज्ञानलाई प्रयोग गर्न सक्यौं भने हाम्रो कला र सँस्कृतिको भविष्य उज्ज्वल हुनेछ । जुन कुरा हामीले प्रवासमा भएको नयाँ पुस्तालाई बुझाउन सक्छौं कि सक्दैनौं हाम्रो सँास्कृतिक विरासतको महत्व र विकासलाई त्यसले धेरथोर प्रभाव पार्नेछ ।

(हाल वेल्जियम)

आइपिएल खेल्ने पहिलो खेलाडि, को हुन सन्दीप ?

❑ नेस संवाददाता

काठमाडौं - नेपाली युवा क्रिकेट खेलाडि सन्दीप लामिछाने इण्डियन प्रिमियर लिग आइपिएल खेल्ने पक्का भएको छ ।

आइपिएलको बोल कवोलको दोस्रो दिन सन्दिप लामिछानेलाई दिल्ली डेयर डेभिल्सले २० लाख भारतीय रूपैयाँमा किनेको छ । सन्दीप आइपिएल खेल्ने पहिलो नेपाली खेलाडी पनि बनेका छन् ।

को हुन सन्दीप लामिछाने ?

दुई वर्षअघि यू-१९ विश्वकप क्रिकेटमा आयरल्याण्डविरूद्ध ह्याट्रिक गरेपछि नेपाली किशोर लेग स्पिनर सन्दीप लामिछानेको चर्चा विश्वव्यापी बन्यो ।

एशोसियट टोलीबाट सम्भावना बोकेका खेलाडीको उदयका रूपमा अन्तर्राष्ट्रिय मिडियाले सन्दीपलाई अष्ट्रेलियाली महान क्रिकेटर सेव वार्नसँग तुलना पनि गरे ।

त्यसयता राष्ट्रिय टिमबाट खेल्दै आएका १७ वर्षीय लामिछानेको करिअरमा अर्को कोशेढुंगा बनेको छ, आईपिएपलमा ' इन्ट्री' ।

बंगलादेश प्रिमियर लिग, पाकिस्तान प्रिमियर लिगलगायतका प्रतियोगिताको अक्सनमा समावेश भएपनि सन्दीपलाई विश्वकै 'ठूलो' डोमेस्टिक क्रिकेट लिगको फ्रेन्चाइजी टोली दिल्ली डेयरडेभिल्सले २० लाख भारू मूल्यमा आफ्नो बनाएको छ ।

उनको बेस मूल्य नै २० लाख थियो । सन्दीप आईपिएलको अक्सनमा परेर नेपाली खेलाडीहरूमा इतिहास बनाइसकेका थिए, झन् अनुबन्धित नै भएपछि त नेपालमा क्रिकेट प्रेमीहरू हर्षविभोर छन् ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका तत्कालिन प्रशिक्षक पुबुदु दाशानायकेले १४ वर्षको उमेरमै चितवनबाट 'टपक्क टिपेर' ल्याएका सन्दीपले त्यसयता उमेरसमूहको क्रिकेटमा मात्र होइन राष्ट्रिय टिमबाट र घरेलु क्रिकेटमा समेत आफूलाई अब्बल प्रमाणित गर्न कुनै कसर बाँकी राखेका छैनन् ।

नवलपरासीमा स्कुल पढ्दापढ्दै प्रशिक्षक राजु खड्काको समन्वयमा नारायणगढको क्याम्पाचौरमा भएको ट्यालेन्ट हण्टबाट छानेर पुबुदुले सन्दीपलाई काठमाडौं ल्याएका थिए । भारतीय रेल्वेमा कार्यरत पितासँगै भारतमै हुर्केका सन्दिपले ब्याट र बल समाउन उतै सिकेका थिए ।

अध्ययनका लागि नवलपरासीमा आएसँगै क्रिकेटलाई पनि निरन्तरता दिए । सन् २०१६ मा बंगलादेशमा भएको आईसीसी यू-१९ विश्वकप क्रिकेटमा डेब्यू गरेका सन्दीपको सिनियर टोलीबाट पहिलो खेल भने नामिविया विरूद्ध थियो ।

आईसीसी विश्व क्रिकेट लिग च्याम्पियनसिप अन्तर्गत नामिविया विरूद्धको सन् २०१६ को सेप्टेम्बरमा उनले डेब्यू गरेका थिए ।

अष्ट्रेलियाली क्रिकेट टोलीका पूर्व कप्तान माइकल क्लार्कसमेत सन्दीपको बलिङ शैलीको फ्यान छन् । क्लार्ककै निमन्त्रणामा सन्दीपले अष्ट्रेलियामा स्थानीय लिग खेल्ने अवसर पाएका थिए । त्यस्तै हङकङमा भएको प्रतियोगितामा उनी क्लार्कसँग एउटै टिमबाट खेलेका थिए ।

सन्दीप आईपीएल अक्सनमा छनोट भएपछि बधाई दिँदै ट्वीट गरेका थिए । उनले आईपिएलको टिममा अधिकारसम्पन्न ठाउँमा भएको भए उनलाई अनुबन्ध गर्नेसमेत बताएका थिए ।

परमाणुरहित विश्वका लागि जापान अमेरिका सहकार्य अनिवार्य – प्रम आबे

❑ नेस संवाददाता

टोकियो - जापानका प्रधानमन्त्री सिन्जो आवेले उत्तर कोरियाको परमाणु खतराबाट बच्न र परमाणुरहित विश्व रचनाको यथार्थवादी दृष्टिकोण राख्नका लागि जापान अमेरिकाको छत्रछायामा रहनु एकदम अनिवार्य रहेको बताएका छन् ।

शुक्रबार संसदको उपल्लो सदनमा सत्ताधारी दल कोमाइतोका नेता नात्सुओ यामागुचीद्वारा सोधिएको जिज्ञासाको उत्तर दिदै प्रधानमनत्री आबेले सो कुरा बताएको एनएचकेको समाचारमा उल्लेख छ ।

प्रधानमन्त्री आबेले उत्तर कोरियाको परमाणु कार्यक्रमले जापानमा शान्ति र स्थिरतामा गम्भीर समस्या देखा परेकाले यो समस्या निमिट्यान्न पार्नका लागि जापान-अमेरिका गठजोड अन्तर्गत परम्परागत तथा परमाणु हतियार प्रतिरोधात्मक क्षमता बनाई राख्न आवश्यक रहेको बताए ।

आबेले संसदमा बोल्दै भने-'जापानको खास सुरक्षा खतराको उचित तरिकाले समाधान गर्नका लागि वास्तविक दृष्टिकोण बनाइराख्न आवश्यक रहेको र यसै सन्दर्भमा परमाणु मुक्त विश्वको रचनामा अग्रणी प्रयास गर्नु यही समय उपयुक्त रहेको हो ।'

यामागुचीले कानुनीरूपमा जापानले परमाणु हतियारको रोक लगाउने बारेको संयुक्त राष्ट्र संघको सन्धिमा हस्ताक्षर नगरेको जिकिर गर्दै यस सन्धिले अन्तर ाष्ट्रिय मानक तयारीका लागि ऐतिहासिक कदम हुने बताए ।

यामागुचीले जापान परमाणु वम विभिषिकाको हमला झेली सकेको एकमात्र राष्ट्र भएकोले परमाणु शक्ति सम्पन्न तथा परमाणु विहिन देशहरूका बिच दरार कम गर्नका लागि अग्रणी भूमिका निर्वाह गर्नुपर्ने बताए ।

तेक्वाण्डो खेलाडि अधिकारीले जापानमा नेपाल चिनाउँदै

❑ नेस संवाददाता

काठमाडौं - जापानको चिवाकेनमा हालै मात्र सम्पन्न भएको २१ औ राष्ट्रिय तेक्वाण्डो प्रतियोगितामा नेपाली खेलाडि अरूण अधिकारीले कास्य पदक प्राप्त गरेका छन । प्रतियोगिता यही जनवरी १९ र २० मा भएको हो ।

अधिकारी फुकोओका, क्युसु, निशी निहोन गेम जित्दै राष्ट्रिय गेममा पर्न सफल भएका हुन । अधिकारी नेपालमा रहँदा पनि त्रिभुवन आर्मी क्लवबाट खेल्दै राष्ट्रिय गेममा दर्जनौ स्वर्ण पदक जितिसकेका छन भने एशियन, अन्तर्राष्ट्रिय वर्ल्ड च्याम्पियनशिप गेममा समेत भाग लिईसकेका छन् ।

उनले जापानमा १९, २० र २१ औं गरी तीनपटक राष्ट्रिय खेलमा सहभागिता जनाईसकेको कुरा युनिभर्सल युनाईटेड नेप्लिज तेक्वान्डो एसोसियसन जापानका अध्यक्ष सिद्धार्थ श्रेष्ठले बताए ।

आठ कक्षामा दुई विद्यार्थी

❑ नेस संवाददाता

बाँके - तीन जना विद्यार्थी । त्यसमा पनि एकजना स्कुल आउन छोडेको धेरै भइसक्यो । बाँकी रहे दुई जना । शिक्षक आउँछन्, दुई जनालाई पढाएर जान्छन् ।

२०२८ सालमा स्थापना भएको नेपालगञ्ज-१५, जमुनाहाको हनुमान आधारभूत विद्यालयको कक्षा ८ को दृश्य हो, यो । कक्षामा दुई छात्रा र एक छात्र छन् । छात्र अन्नु साहु स्कुल आउन छोडेको तीन महिना बढी भइसक्यो ।

आठसम्म रहेको यो विद्यालयमा यो सालमात्रै विद्यार्थी कम भएको भने होइन । गतवर्ष पनि आठ कक्षामा चार जना थिए ।

आठमा कम भएपनि सातमा त धेरै होलान् भन्ने लाग्न सक्छ । त्यो अवस्था पनि छैन । सातमा ६ जना छन् । छात्रा र छात्र तीन/तीन जना । कक्षामा ६ जना नै उपस्थित भएको दिन भेट्टाउन मुश्किल पर्छ । प्रधानाध्यापक रमेश श्रीवास्तव भन्छन्, 'कहिले को आउँछ, कहिले को आउँदैन । भएका विद्यार्थी पनि सबै नियमित आउँदैनन् ।'

यो स्कुलमा कक्षा ६ मा १०, पाँचमा १५, चारमा २१, तीनमा ३०, दुईमा ४१ र एकमा ३९ जना विद्यार्थी रहेका छन् । जम्मा १ सय ६५ जना । अधिकारीहरूले यो संख्या पनि स्कुलले धेरै देखाएको टिप्पणी गरेका छन् ।

विदेशी पर्यटकलाई...

मध्यदेखि मार्च अन्तसम्म परीक्षणको रूपमा लागू गर्ने र अप्रिल महिनादेखि पूर्णरूपमा लागू गर्ने योजना बनाएको छ । एनएचकेका अनुसार परीक्षणको लागि योकोहामा, कामाकुरा, हाकोने लगायत ५ स्थानका पर्यटक सूचना केन्द्रहरूबाट दैनिक ५० सेट स्मार्टफोन उपलब्ध गराईने छ । जसबाट अंग्रेजी, चिनियाँ सहित १० भन्दा बढी भाषामा पर्यटकिय स्थलहरूको जानकारी प्राप्त गर्न सकिने छ । कानागावा केनले स्मार्टफोनको जिपिएस डाटा संकलन गरी बिदेशी पर्यटकहरूका लागि लोकप्रिय स्थानहरूको तथ्याङ्क निकाल्ने योजना पनि बनाएको छ ।

यस प्रकारको सेवाले एकातर्फ पर्यटकहरूलाई सहज रूपमा जानकारी दिन सकिन्छ भने अर्कोतर्फ बिदेशीहरू बिच फैलिएको जापानको सञ्चार सुबिधाको समस्या सम्बन्धी गुनासोलाई पनि निर्मुल पार्न सहयोग पुग्ने उक्त केनका गभर्नर कुरोइवाले बताएका छन् । हाललाई कानागावा केनमा लागू गरिने यो सेवा जापानका अन्य प्रान्तहरूमा पनि विस्तार गरिने अनुमान गरिएको छ ।

CITY EXPRESS MONEY TRANSFER
SBI Remit
के नेपालमा पैसा पठाउँदै हुनुहुन्छ ?
FREE सित्तैमा पैसा पठाउन सकिने
✔ पहिलोचोटी नेपाल पैसा पठाउँदा सित्तैमा
(पुराना ग्राहकहरुको हकमा २०१५ अक्टोबर ३० तारिकसम्म हाम्रो सेवा लिनुभई त्यसपछि हाम्रो सेवा उपयोग नगर्नुभएका ग्राहकहरुमा पनि यो सेवा लागु हुनेछ)
✔ यो सुविधा २०१५ मार्च ५ तारिखदेखि लागू भएको छ ।
✔ हरेक महिना नयाँ-नयाँ आकर्षक उपहार योजनाहरू
सस्तो, छिटो भरपर्दो र विना झन्झटिलो माध्यमबाट नेपालमा पैसा पठाउनका लागि
CITY EXPRESS MONEY TRANSFER JAPAN Co. Ltd.
〒169-0073 Tokyo, Shinjuku-ku, Hyakunin-cho, 2-10-9, Shin-Okubo Initial House 2F
Tel: 03-5925-4121, Fax: 03-5925-4122
Email : japan@ctxpress.co.jp Web: www.cityremit.com
www.facebook.com/cemtjapan
दरभाउ बुझ्नका लागि 080-3842-9995(SB)
नेपाली भाषामा जानकारीका लागि MOBILE 090-6452-8932(SB), 080-4659-1860(SB)

गाडि चाहिएमा सेवामा हाजिर छौं
For Moving & Shifting
कोठा सर्नु परेमा, अरू कुनै सामान सार्नुपरेमा, समुहमा वा स-परिवार कतै घुम्न जानको लागी गाडि चाहिएमा हामीलाई सम्झनुहोस् । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।

नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, मःम पकाउने भाँडो, प्रेसरकुकर, करूवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।

सम्पर्कः Asia Moving ☎ 090-9304-2626
For More Information : www.asiahunter.com
(Contact Person : Masaki Kobayashi – नेपाली, हिन्दी र जापानी भाषामा पनि कुरा गर्न सकिने ।)

वृद्ध भत्ताका लागि निर्देशन कुर्दै विभाग

❑ नेस संवाददाता

काठमाडौं - केन्द्रीय पञ्जीकरण विभागले ६५ वर्ष पुगेकालाई वृद्ध भत्ता दिने सरकारको निर्णय कार्यान्वयन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन कुरेर बसेको छ ।

सरकारले यही माघ १० गते मात्र ६५ वर्ष पुगेको वृद्ध-वृद्धालाई सामाजिक सुरक्षा भत्ता दिने निर्णय गरेको थियो । यसअघि सरकारले ७० वर्ष पुगेकालाई मात्र सो भत्ता दिँदै आएको थियो ।

विभागका सामाजिक सुरक्षा शाखाका शाखा अधिकृत सविता बस्नेतले सरकारले निर्णय गरे पनि कार्यान्वयनका लागि मन्त्रालयले निर्देशन दिएपछि मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बताउनुभयो ।

'सरकारले गरेको निर्णय हामीलाई मन्त्रालयबाट कार्यान्वयन गर्न निर्देशन आउनुपर्छ', उहाँले भन्नुभयो, 'निर्देशन आएपछि तेस्रो चौमासिकबाट मात्र वितरण सक्छौ ।'

'मन्त्रालयको वितरण गर्ने निर्देशनपछि हामीले तथ्यांक विभागबाट ६५ वर्ष उमेर पुगेका वृद्धको तथ्याङ्क संकलन गर्छौं', शाखा अधिकृत बस्नेतले भन्नुभयो, 'अनि चैतदेखि मात्र वितरण गर्न सक्छौं ।'

विभागले अहिले पहिलो चौमासिक सामाजिक सुरक्षाभत्ता विवरण गरिसकेको छ भने अब दोस्रो चौमासिकको भत्ता वितरणका लागि तयारी गरेको छ । विसं २०५१ मा नेकपा एमालेको तत्कालीन सरकारले १०० रूपैयाँ बृद्ध भत्ता र विधवा भत्ताको व्यवस्था गरेकामा अहिले त्यसको दर बढाएर एक हजार पुऱ्याइएको छ ।

जापान र चीनका विदेशमन्त्रीबीच भेटवार्ता

❑ नेस डेस्क

काठमाडौं - जापान र चीनका विदेशमन्त्री बीच आइतबार बेइजिङमा भेटवार्ता भएको छ । चीनको भ्रमणमा रहेका जापानी विदेशमन्त्री तारो कोनोले आफ्ना चिनियाँ समकक्षी वाङ् यीसँग भेट गरेका हुन् ।

उनीहरूबीच चीन जापान द्विपक्षीय सम्बन्धका साथै आपसी हित र पछिल्लो समयमा यी दुई देशबीच बढ्दो सीमा विवादका कारण उत्पन्न परिस्थितिको समाधानका विषयमा छलफल केन्द्रित भएको बताइएको छ । भेटका अवसरमा हालैका दिनमा उत्तर र दक्षिण कोरियाबीच बढ्दो तनाव र आणविक अस्त्रको होडका कारण उत्पन्न परिस्थितिका बारेमा पनि कुराकानी भएको बताइएको छ ।

दुई कोरियाको बीचमा आगामी महिना हुन लागेको शीतकालीन ओलम्पिक खेलका कारण सम्बन्धमा केही सुधार आएको बताईन्छ । उक्त सम्बन्धलाई थप सुदृढ गर्नका लागि आवश्यक कदम चाल्नुपर्नेमा चीन र जापानले के कस्तो भूमिका निर्वाह गर्न सक्छन् भन्ने बारेमा पनि उनीहरूबिच कुराकानी भएको जनाइएको छ ।

उत्तर र दक्षिण कोरियाका साथै अन्य क्षेत्रीय मुद्दा र विश्व राजनीतिका बारेमा पनि उहाँहरूबीच छलफल भएको बताइएको छ । विश्वको दोस्रो र तेस्रो ठूलो अर्थतन्त्रका बीचमा भएको यो द्विपक्षीय भेटवार्तालाई महत्वका साथ हेरिएको छ ।

जापानी महिला...

जन्म दिएपछि पाँचजना महिलाले घेरेर राखी निजलाई फायर फाइटरर्स ग्रुपको जिम्मा लगाईएको जापान टुडेले जनाएको छ । स्रोतका अनुसार पूर्वी जापान रेलवेमा यस प्रकारको घटना दुर्लभ रूपमा हुने गरेको प्रत्यक्षदर्शीले बताएका छन् ।

ट्रेन कण्डक्टरले हतारमा कार नम्बर ६ का सञ्चालकसंग कम्वल मागेर ती महिलाको शरिरको तल्लो भाग छोपिदिएका थिए । ती सुत्केरी महिलाले आफ्नो बच्चालाई तुरून्तै काखमा राखेर कम्वलले बेरेर राखेको देखेपछि र यात्रुहरूका बिचमा बच्चाले पहिलो आवाज सुनाएकोमा सबैले उनलाई बधाई दिए ।

ट्रेन कण्डक्टरले लाउड स्पीकरमार्फत चिकित्सा पेशासँग सम्बन्धितहरूलाई सहयोगका लागि अनुरोध गरेर त्यहाँबाट सुत्केरी महिलालाई बाहिर पठाउनका लागि ३० मिनेट ट्रेन रोक्नुपरेको बताइएको छ ।

डाक्टर र नर्स टोकियो सिनागावा स्टेशनबाट उनलाई सहयोग पुरयाउन हिडेका भएपनि बच्चाको जन्म भैसकेपछि मात्र त्यहाँ पुगेका थिए । दिउँसोको १ बजेर ४० मिनेटमा बच्चाको जन्म दिएकी ती महिलाले ट्वीटरमार्फत सहयोग गर्ने सबैलाई धन्यवाद दिदै आफ्नो बच्चा भविष्यमा सबैलाई सहयोग गर्ने हुनेमा विश्वास लिएकीछिन् ।

उत्तरपूर्वी जोवान लाइनका ट्रेन यो घटनापछि केही समयका लागि सञ्चालनमा रोक लगाईएको थियो ।

पाइपलाइन विस्तार सरकारकै कारण ढिला

❑ नेस संवाददाता

काठमाडौं - राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पेट्रोलियम पाइपलाइन विस्तार सरकारकै कारण ढिला हुने भएको छ । इन्डियन आयल कर्पोरेसन (आईओसी) ले आफ्नो तर्फबाट सवै काम पूरा गरे पनि समयमै सरकारले नीतिगत समस्या समाधान नगर्दा विस्तारमा ढिलाइ हुने भएको हो ।

पाइपलाइन विस्तार गर्न आवश्यक पर्ने पाइप भित्रिसके पनि पाइपलाइन विछ्याउने रूट व्यवस्थापन नहुँदा काम अगाडि बढ्न अझै केही समय लाग्ने देखिन्छ । पाइपलाइन विछ्याउने बाटोमा पर्ने रूख कटानका लागि वन मन्त्रालयले स्वीकृति नदिँदा विस्तारको काम सुरू हुन समय लाग्ने देखिएको नेपाल आयल निगमको भनाइ छ ।

आईओसी र निगमको संयुक्त लगानीमा वन्न लागेको पेट्रोलियम पाइपलाइनको सम्झौता भएको साढे दुई वर्ष पूरा भइसकेको छ । तर सरकारकै कमजोरीका कारण पाइपलाइन विस्तारको काम ढिला हुने देखिन्छ । आईओसीले पाइप नेपाल भित्र्याई विछ्याउनका लागि ठेकेदारसमेत चयन गरिसकेको छ । पाइप उपलब्ध गराउनेदेखि पाइपलाइन विस्तारका लागि प्राविधिक सहयोग आईओसीको रहेको छ ।

आईओसीले पाइप उत्पादन गरेर नेपाल पठाइसकेको छ । स्थानीयस्तरमा सडकको जग्गा व्यवस्थान, विद्युत, टेलिफोनको पोल सार्ने, वन क्षेत्र अधिग्रहण गर्ने समस्या समाधान हुन नसक्दा पाइप विच्छाउने काममा ढिलाइ हुने देखिन्छ । निगमका प्रवक्ता वीरेन्द्र गोइतले पाइपलाइन विस्तारका लागि ४० लरी पाइप भित्रिईसकेको जानकारी दिनुभयो । पाइपलाइन बिच्छ्याउने रूटमा रूखहरू कटान गर्नुपर्ने हुन्छ । रूख कटान गर्न वन मन्त्रालयले अझै स्वीकृत दिएको छैन । वन मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङकनको प्रतिवेदन स्वीकृत नगर्दा पाइपलाइन विस्तारको काम अगाडि बढाउन ढिलाइ हुने देखिन्छ । पाइपलाइन विस्तारका लागि भित्रिएका ४० लरी पाइप अहिले वीरगन्जस्थित चिनी कारखानाको गोदाममा राखिएको छ ।

धौलागिरी अञ्चल अस्पतालमा चरम लापरवाही

❑ नेस संवाददाता

काठमाडौं - जैमिनी नगरपालिका-१ कुस्मिशेराकी ३० वर्षीया सुष्मा थापा मगरलाई प्रसव व्यथा लागेपछि धौलागिरी अञ्चल अस्पतालमा भर्ना भएकी उनले त्यहाँका स्वास्थ्यकर्मीको चरम लापर्बाहीका कारण सास्ती खेप्नुपरेको छ । उक्त अस्पतालका स्वास्थ्यकर्मीको लापरबाहीका कारण उनी सास्ती खेप्न बाध्य भएकी हुन् ।

गत माघ २ गते सामान्य अवस्थामा उनी सुत्केरी भएकी उनलाई भोलिपल्टै अस्पतालले डिस्चार्ज गरिदिएको थियो । घर फर्किएकी उनलाई निको होला भन्दा झन् पीडा बढ्दै जान थाल्यो । सुत्केरीको घाउ निको हुनुपर्ने समयमा खपि नसक्नु पीडा हुन थालेपछि उनले यो कुरा अरूलाई सुनाईन् । उनको कुरा सुनेर कतिले उनलाई गिज्याए, 'यस्तो बेलामा अलि अलि पीडा त भैहाल्छ नी, अलिअलि दुख्दा पनि सहनै नसक्ने ? उनीप्रति उल्टो प्रश्न तेर्सियो । दुःखाई बढ्दै जाने र पिसाब गर्नका लागि पनि समस्या भएपछि स्वास्थ्यकर्मीसंग परामर्श गरिन् ।

परिवारले पनि सामान्य होला भन्ने ठानेर स्वास्थ्यकर्मीको सल्लाहमा दुःखाई कम गर्ने औषधी खुवाए, तर दुखाई कम भएन । घाउ निको हुने समयमा उल्टै योनीद्वारबाट पिप जस्तो अत्यन्त गन्हाउने पानी बग्न थाल्यो । त्रसित भएको परिवारले अस्पतालमा पुनः जँचाउन जाँदा पत्ता लाग्यो, उनको त योनीभित्रै प्याड छोडिएको रहेछ । सुत्केरी भएपछि बढी रगत बग्न नदिनबाट जोगाउनका लागि योनीभित्र राखिएको प्याड स्वास्थ्यकर्मीको लापरबाहीका कारण भित्रै छोडिएपछि सुस्माले १२ दिनसम्म पीडा खेप्नु परेको हो ।

स्वास्थ्यकर्मीको लापर्बाहीले गर्दा अस्पतालप्रतिको विश्वास समेत घटेको उनी बताउँछन् । 'हामी डाक्टरहरूलाई भगवान ठानेर अस्पतालमा आउँछौं, उनीहरूकै गल्तीले थप दुःख पाउनु परेको छ' थापा भन्छिन् -'सोध्दा उल्टै झर्केपछि हामीले अस्पतालप्रति कसरी विश्वास गर्नु ?'

ए हजुर कता ?
बाराही हलाल फुड यता !

माछा, मासु, मसला, दाल, चामल लगायत अन्य दैनिक उपभोग्य सामानहरु आवश्यक परेमा विगत लामो समयदेखि यहाँहरुकै सेवामा समर्पित बाराही फुड्स एण्ड स्पाइस सेन्टरलाई सम्झनुहोला । होम डेलिभरी (थाक्युबिन) को पनि ब्यवस्था छ ।

Barahi Foods & Spice Center
नेपाली पसल (हलाल फुड)

Tel. 090-6094-9954 (Soft Bank), 03-3363-1145, Fax. 03-5386-8797
टोकियो स्थित शिन-ओकुबो स्टेशनबाट ३० सेकेण्ड मात्र

इन्दोबजार

माछा, मासु, मसला, दाल, चामल लगायत अन्य दैनिक उपभोग्य सामानहरु आवश्यक परेमा विगत ३० वर्षदेखि यहाँहरुकै सेवामा समर्पित हलाल फुड इन्दो बजारलाई सम्झनुहोला । होम डेलिभरी (थाक्युबिन) को पनि ब्यवस्था छ ।

Contact for More Details
INDO BAZAAR
Tel: 03-5744-7834
JR Keihin Tohoku Line, Ikegami Line, Tamagawa Line
Kamata Station (East Exit)
5-20-6 Kamata, Ota-Ku, Tokyo 144-0052
Business Hour: Daily 12:00~21:30

महत्वपूर्ण टेलिफोन नम्बरहरु

नेपाली राजदूतावास टोकियो
फोन: ०३-३७१३-६२४१/४२
फ्याक्स: ०३-३७१९-०७३७

टोकियो क्षेत्रीय अध्यागमन ब्यूरो
सिनागावा: ०३-५७९६-७१११
टेलिफोन नम्बर सोधपुछ: १०४
प्रहरी: ११०
एम्बुलेन्स र दमकल: ११९
समुद्रपारि डट कम: ०३-५९३७-५३१४
एभरेष्ट स्कुल: ०३-५३३५-७३७९

राष्ट्रिय सभामा २४ जना निर्विरोध, ३२ सीटमा ५२ जनाको प्रतिस्पर्धा

❑ नेस संवाददाता

काठमाडौं – निर्वाचन आयोगले राष्ट्रियसभामा २४ जना निर्विरोध निर्वाचित भएको घोषणा गरेको छ ।

७ वटै प्रदेशमा गरी २४ जना निर्वाचित भएको भन्दै आयोगले अब ३२ पदका लागि ५२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको जनाएको छ । प्रदेश नम्बर १ मा महिला ३ र अन्य ३ गरी ६ जना उम्मेदवार निविरोध निर्वाचित भएका छन् ।

१ नम्बरमा अब दलित १ र अपाङ्गता भएका वा अल्पसंख्यक १ पद गरी जम्मा २ पदका लागि चुनाव हुने छ ।

प्रदेश नम्बर २ मा ८ वटै पदका उम्मेदवार निर्विरोध निर्वाचित हुनुभएको छ । प्रदेश नम्बर ३ मा ८ वटै पदमा मतदान हुने छ ।

प्रदेश नम्बर ४ मा अपाङ्गता भएका वा अल्पसंख्यक १ पदमा उम्मेदवार निर्विरोध निर्वाचित भएकाले बाँकी ७ सदस्यका लागि चुनाव हुनेछ । प्रदेश नम्बर ५ मा महिला ३ पदमा उम्मेदवारहरू निर्विरोध निर्वाचित भएका छन् ।

५ नम्बरमा अब ३, दलित १ र अपाङ्गता भएका वा अल्पसंख्यक १ गरी जम्मा ५ पदमा चुनाव हुने छ । त्यस्तै, प्रदेश नम्बर ६ मा सबै पदमा चुनाव हुनेछ ।

प्रदेश ७ मा महिला ३ र खुल्ला ३ गरी ६ पदमा उम्मेदवारहरू निर्विरोध भएकाले अब दलित १ र अपाङ्गता भएका वा अल्पसंख्यक १ गरी जम्मा २ पदमा चुनाव हुने छ । राष्ट्रियसभाको चुनाव माघ २४ गते हुँदै छ ।

गैरे सेवा समाजको अध्यक्षमा दिलिप गैरे

❑ नेस संवाददाता

काठमाडौं – गैरे बन्धुहरूको सरोकार, आपसी एकता र परोपकार भन्ने मान्यताका साथ गठन भएको गैरे सेवा समाज जापानको छैठौं अधिवेशनले दिलिप गैरे (ओम) को अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

दैवी प्रकोप, शिक्षा, स्वास्थ्य र धर्म सँस्कृतिको संरक्षणका क्षेत्रमा कार्य गर्दै आएको सो समाजको हालै सम्पन्न अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा डिलाराम गैरे, उपाध्यक्षमा भुमप्रसाद गैरे र राजु गैरे, सचिवमा भीमप्रसाद गैरे, सहसचिवमा श्यामलाल गैरे, कोषाध्यक्षमा गोविन्द गैरे, र सहकोषाध्यक्षमा केशवप्रसाद गैरे चयन हुनुभएको भीमप्रसाद गैरेले जानकारी दिनुभयो ।

यसैगरी सदस्यहरूमा ताराप्रसाद गैरे, मिलन गैरे, लक्ष्मण गैरे (चित्र), भवनाथ गैरे, गीता गैरे, रघुनाथ गैरे र दिलिप गैरे (लाम्दारा) रहनुभएको छ ।

यसैगरी देवीलाल गैरेको संयोजकत्वमा ३ सदस्यीय लेखा समिति गठन गरिएको छ । लेखा समिति सदस्यहरूमा खिमप्रसाद गैरे र रामप्रसाद गैरे (गौरी) रहेका छन् भने सञ्चार संयोजकमा कृष्णप्रसाद गैरे चयन हुनुभएको छ ।

टंकप्रसाद गैरेको सभापतित्वमा सम्पन्न अधिवेशनमा संस्थाका संरक्षक नेत्रप्रसाद गैरे (राजु) को प्रमुख आतिथ्यता रहेको थियो । संस्थाको उदेश्यका बारेमा आत्माराम गैरेले जानकारी दिनुभएको थियो भने संस्थाको कार्यप्रगति विवरण र आर्थिक विवरणको जानकारी राजु गैरेले गराउनुभएको थियो । त्यसैगरी टोकियो क्षेत्रको प्रगतिको बारेमा डिलाराम गैरे र ओसाका क्षेत्रका बारेमा भुमप्रसाद गैरेले कार्यप्रगति प्रस्तुत गर्नुभएको थियो । कार्यक्रम सञ्चालन प्रेमप्रसाद गैरेले गर्नुभएको थियो ।

छावा जन्मिदा निकुञ्जमा उत्साह

❑ नेस संवाददाता

अमलेखगञ्ज – पर्सा राष्ट्रिय निकुञ्जको हात्तीसारमा पालुवा हात्तीले शनिबार बिहान स्वस्थ छावा जन्माएपछि खुसियाली छाएको छ । जंगली हात्तीको वासस्थानका रूपमा रहेको निकुञ्जमै पहिलो पटक पालुवा हात्तीबाट स्वस्थ छावाले जन्म लिएपछि पछुवा, माउते र कर्मचारी खुसी भएका हुन् ।

चित्रसेनकली नामको हात्तीले बिहान ३ बजे छावालाई जन्म दिएको हो । चित्रसेनकली गर्भिणी रहे पनि बच्चा स्वस्थ जन्मिने वा नजन्मिने भन्नेमा कर्मचारी चिन्तित थिए । यसअघि २०५६ सालमा भवानीकलीले मृत छावालाई जन्म दिएको थियो । त्यसयता हात्तीसारमा कुनै हात्तीले छावालाई जन्म दिएको थिएन । निकुञ्जमा खुसी छाएको प्रमुख संरक्षण अधिकृत हरिभक्त आचार्यले जानकारी दिनुभयो । हात्तीसारमा छावा हेर्न स्थानीयको भीड लागेको छ ।

नेपाली युवकद्वारा जापानी युवतीमाथि छुरा प्रहार

❑ नेस संवाददाता

काठमाडौं – जापानको ह्योगो केन कोबे सहरमा एक नेपाली युवाले १९ वर्षीय एक कलेजकी विद्यार्थीमाथि छुरा प्रहार गरेको समाचार जापानी सञ्चार माध्यमहरूले जनाएका छन् ।

छुरा प्रहार गर्नेलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा २५ वर्षीय नेपाली युवा किशोर स्याङ्तान रहेको बताइएको छ ।

स्याङतानले रातीको समयमा बीच सडकमै किशोरीमाथि पेटमा छुरा प्रहार गरेका थिए । युवती स्याङ्तानको पूर्व प्रेमिका रहेको खुलासा भएको छ ।

प्रहरीको अनुसन्धानको क्रममा पक्राउ परेका स्याङतानले युवती आफ्नो पूर्व प्रेमिका भएको र आफूलाई धोका दिएकोले रिस थाम्न नसकेर उनीमाथि छुरा प्रहार गरेको स्वीकारेका छन् ।

राष्ट्रिय जनगणना २०७८ को तयारी शुरु

❑ नेस संवाददाता

काठमाडौं – केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणना २०७८ को तयारी थालेको छ । विभाग राष्ट्रिय जनगणना गर्ने एकमात्र सरकारी निकाय हो । यो विभाग राष्ट्रिय योजना आयोगअन्तर्गत रहेको छ । प्रत्येक दस वर्षमा राष्ट्रिय जनगणना हुने गर्दछ । अब हुने जनगणना बाह्रौं हुनेछ ।

विभागले मुलुक संघीय संरचनामा बदलिएसँगै जनगणनाको मोडालिटी परिमार्जन गर्ने भएको छ । 'स्थानीय तहको संलग्नता र स्वामित्व हुने गरी आगामी जनगणना हुनेछ,' विभागका उपमहानिर्देशक नेबिनलाल श्रेष्ठले भन्नुभयो, 'चालू आर्थिक वर्षमा आगामी जनगणनाको मोडालिटी, प्रश्नावलीको बारेमा अध्ययन, डाटा ग्याप एसेसमेन्ट कार्य भइरहेको छ ।'

संयुक्त राष्ट्रसंघको जनगणना परिभाषाअनुसार जनगणनाका थप कार्य हुने समेत उहाँले जनाउनुभयो । विभाग जनगणना शाखाका निर्देशक शंकरलाल श्रेष्ठका अनुसार राष्ट्रसंघको इलेक्ट्रोनिक डाटा कम्प्युटिङ प्रणाली अपनाउने अभ्यास सुरु भएको छ ।

विभागले बाह्रौं राष्ट्रिय जनगणना - २०७८ लाई विगतभन्दा चुस्त तुल्याउने लक्ष्य लिएको छ । प्रश्नावली परिमार्जन, नयाँ प्रविधिको प्रयोग गरेर तथ्याङ्क प्रविष्टि गर्ने, सरकारका अन्य निकायको प्रशासनिक तथ्याङ्कबाट आउने तथ्याङ्कलाई जनगणनामा दोहोरिन नदिनेलगायत गृहकार्य थालेको जनाइएको छ ।

प्रदेश संसदको पहिलो अधिवेशनको टुङ्गो लाग्यो

❑ नेस संवाददाता

काठमाडौं – ६ नम्बर बाहेकका सबै प्रदेशमा प्रदेश संसदको पहिलो अधिवेशनको मिति टुंगो लागेको छ ।

प्रदेश नं १ को प्रदेशसभाको पहिलो अधिवेशन यही माघ २२ गते अपरान्ह १ बजेदेखि शुरू हुने भएको छ ।

प्रदेश प्रमुख गोविन्दबहादुर तुम्बाहाङका अनुसार विराटनगरस्थित जिल्ला समन्वय समितिको सभा भवनमा पहिलो अधिवेशन शुरू हुनेछ । प्रदेश नम्बर २ को प्रदेशसभाको पहिलो बैठक आउँदो आइतबार जनकपुरमा रहेको शैक्षिक तालिम केन्द्रको सभा कक्षमा बस्नेछ ।

यस्तै प्रदेश नम्बर ३ को संसदको पहिलो अधिवेशन आउँदो बिहीबार हेटौंडाको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयको भवनमा र प्रदेश नम्बर ४ को पहिलो अधिवेशन आउँदो २२ गते सोमबार नगर विकास प्रशिक्षण केन्द्रको भवन नदीपुर पोखरामा बस्नेछ ।

यसैगरी ५ नम्बर प्रदेशको पहिलो अधिवेशन बुटवल उद्योग वाणिज्य संघको सभाहलमा र ७ नम्बर प्रदेशको पहिलो अधिवेशन जिल्ला समन्वय समितिको सभाहलमा आउँदो आइतबार बस्ने तय भएको छ ।

सरकारले माघ ३ गते सातवटै प्रदेशका प्रदेश प्रमुख नियुक्त गरेको थियो । अबको एक हप्ताभित्र प्रदेशसभाको पहिलो बैठक बसि सक्नुपर्ने भएपछि सबै प्रदेशमा बैठक स्थल मर्मत सम्भार तथा रंगरोगनको काम भैरहेको छ ।

प्रदेशसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको चुनाव गरिसक्नुपर्ने व्यवस्था छ ।

जापानबारे रोचक तथ्य

- टिप्स लिनुर दिनुलाई जापानमा असभ्यताको प्रतीकको रूपमा लिने गरिन्छ ।
- जापान र रसियाकाबिचमा अझै शान्ति सम्झौता भएको छैन, कागजी रूपमा अझै पनि यी देश युद्धरत अवस्थामा छन् । कुरिल द्वीपलाई दुवैले आफ्नो दाबी गर्दै आइरहेका छन् ।
- जापानका अफिसहरूमा कोही निदाएमा त्यसलाई नराम्रो रूपमा लिइदैन । बरू मालिकका नजरमा गजब मानिन्छ । उनीहरू कामको बोझले यसो गरेको बुझाई यहाँका आम मानिसहरूको रहेको छ ।
- जापानमा नमिलेको दाँतलाई आकर्षणका रूपमा लिई त्यसतर्फ युवाहरूको चासो बढ्दो देखिन्छ ।

संकलक: खगराज गौतम

कोवायासी भिषा सर्भिस
KOBAYASHI VISA SERVICE
सस्तो सुलभ, छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।

सेवाहरू (Services)
❖भिषा नविकरण — लाग्ने खर्च : 9,800円
❖स्थायी भिषा (एईज्यु) — लाग्ने खर्च : 35,000円
❖भिषाको प्रकृति परिवर्तन — लाग्ने खर्च : 35,000円
❖नयाँ भिषा सम्बन्धि काम — लाग्ने खर्च : 50,000円
❖कम्पनी स्थापना — लाग्ने खर्च :आपसी सहमतीमा तय गरिने

Hironari Kobayashi
Immigration Lawyer

नेपाली, अंग्रेजी, हिन्दी, जापानी भाषामा कुरा गर्न सकिने ।

Contact for Details:
Tel : 03-6279-3353
Fax : 03-6908-5805
Mobile : 080-4186-2102 (Softbank)
Shinokubo Lions Mansion 409, 2-4-5
Hyakunincho, Shinjuku-ku,Tokyo, Japan
फोन गर्ने समय बिहान १० बजेदेखि बेलुकी ८ बजेसम्म ।

ठाउँ एक, सुविधा अनेक

भिसा फारम
आफन्तलाई जापान घुम्न बोलाउन, आफू तथा आफन्तको भिसा नवीकरण गर्न अमेरिका, बेलायत, अस्ट्रेलिया लगायतका देशमा जान भिसा फारम भर्न परेमा ।

ट्रान्सलेट
जापानी, अंग्रेजी, नेपाली भाषाका कागजातहरु ट्रान्सलेट गर्नु परेमा ।

मेनु चिरासी
रेष्टुरेन्टको मेनु, चिरासी तथा भिजिटिङ कार्ड डिजाइन तथा छपाउनु परेमा ।

आजै, सम्पर्क गर्नुहोस्
भौंतारिनै पर्दैन !!!

GMT International Co. Ltd.
Tel/Fax: 03-5937-5314 Mobile: 080-4150-5314
E-mail: samudraparinews@gmail.com

सन्धि पुनरावलोकन...

इपीजीको छैठौं बैठक सकेर आउनुभएको छ । बैठकमा के विषयमा छलफल र सहमति भयो ?

हामीले छैठौं बैठकमा पनि विगत बैठकमा जस्तै एजेण्डाहरूमा केन्द्रित रहेर छलफल गऱ्यौं । आगामी जुलाईको अन्तिममा हाम्रो कार्यकाल सकिंदैछ । त्यसैले त्यो भन्दा अघि नै हामीले यो बीचमा भएका प्रगतिहरूको प्रतिवेदन कस्तो तयार गर्छौं र त्यसमा के के कुरा समेटेर लिएर जान्छौं भन्ने बिषयमा छलफल गऱ्यौ । प्रतिवेदनको फ्रेमवर्क बनाएर प्रतिवेदन लेखन सुरू गर्ने निर्णय गरेका छौं । तोकिएको समयमा एउटै प्रतिवेदन आठै जनाको तर्फबाट दुईटै सरकार प्रमुखलाई बुझाउने औपचारिक निर्णय नै गरेका छौं । अर्को कुरा, हामीले धेरै विषयलाई यो बैठकमा ठाउँ दिएका र लिएका पनि छौ । ती कुन-कुन विषय हुन भन्ने अहिले भन्न सक्ने अवस्था छैन । दुई देशका अनेक धारणालाई र हाम्रा बीचमा भएका ग्यापलाई पनि समाधान गर्दै जाने भन्नेमा हामी सहमत भएका छौं ।

यसअघि नउठेका विषय पनि उठायौ भन्नुभयो के हुन् ती जुन अहिलेसम्म उठेका थिएनन् ?

सन् १९५० को नेपाल-भारतबीचको मैत्री सन्धि जुन बेला गरिएको थियो, जुन-जुन विषयमा गरिएको थियो, त्यो अवस्था फरक फरक समयमा गुज्रिसकेको हुँदा यसको पुनरावलोकन हुनुपर्छ भनेर उठायौं । जसमा हामीले हाम्रा कुरा राख्यौं उहाँहरू पनि यस विषयमा खुलेर बोल्नुभयो । हामीले पनि त्यो बेलाको परिस्थीति, त्यो बेलाको देश विदेशको अवस्था अनेक कारणले त्यो पुनरावलोकन हुन जरूरी छ भन्यौं । उहाँहरू पनि यो विषयमा नजिक हुनुहुन्छ । हामीले भनेका कुरामा सहमत हुनुहुन्छ । यो बैठकमा हामीले यस मुद्दालाई गम्भीरताका साथ उठाएका छौं उहाँहरू पनि यसको लागि तत्पर हुनुहुन्छ ।

१९५० को सन्धी पुनरावलोकन हुनुपर्छ भन्ने नेपालको माग छ, खासगरी यसबाट नेपाललाई के-के कुरा फाइदा हुन्छ ?

पहिलो कुरा जुन बेला यो सन्धी भयो त्यो अवस्था अहिले परिर्वतन भएको छ । अर्को कुरा, त्यस भित्रका कतिपय बुँदा असान्दर्भिक छन् । कतिपय बुँदा अरू नै सन्धिले रिप्लेस गरिसकेका छन् । ती बुँदाहरू कुन-कुन अवस्थामा छन् भनेर हामी छलफलमा छौं । यो बुँदा यस्तो अर्को बुँदा यस्तो भनेर नभनौं । तर त्यो सन्धीले धेरै कुरा अल्झाएर राखेको छ । दुबै देशको सम्बन्धलाई अल्झाउने मात्र काम गरेको छ । त्यसैले पनि हामीले त्यो कुरा उठाएका हौं ।

सन्धि पुनरावलोकन गर्ने कुरामा दुबै देश तयार हो ? अब कस्तो मोडालिटीको हुन्छ, केहि खाका त होला नि ?

सन्धि पुरानो अवस्थामा रहन सक्दैन तर कुन मोडालिटीमा यसलाई परिर्वतन गर्ने भन्ने कुरामा हामी छलफलमा छौं । संशोधन या प्रतिस्थापन गर्ने भन्ने विषयमा छलफलको अन्त्यमा कुन मोडालिटिमा पुगिन्छ त्यहि बेलामात्र त्यो भन्न सकिएला । संशोधन हुने हो या प्रतिस्थापन हुने हो त्यो पनि छलफलमा छौं । त्यसको निचोडमा नपुगी भन्न सकिन्न । किनकि त्यो एउटा देशको मात्र कुरा हैन । दुबै देश बसेर टुंग्याउने बेलामा कस्तो बनाउँदा उपयुक्त हुने देखिन्छ, बुँदा खारेज गर्ने या यसको संशोधन गर्ने त्यहि बेला निर्णय हुनेछ । त्यसैले छलफलको क्रममा रहेको कुरा हामी निश्कर्षमा नपुगी भन्न सक्दैनौं ।

नेपालमा आएको नयाँ जनादेशले भारतले पहिले गर्ने व्यवहारमा परिवर्तन गर्न सक्छ भन्ने पनि गरिन्छ । पछिल्लो बैठकमा भाग लिने क्रममा उनीहरूको व्यवहार र मनोविज्ञानमा केहि फरक पाउनुभयो ?

समय अनुसार केहि न केही परिर्वतन हुन्छ नै । त्यो उनीहरूमा मात्र हैन हामीमा पनि हुन्छ । पछिल्लो बैठकमा भाग लिएर फर्किंदै गर्दा यति मात्रै भन्छु - उहाँहरू सकारात्मक हुनुहुन्छ, नेपाल भारत बीचको सम्बन्ध प्रगाढ होस् भन्ने सन्दर्भमा । यो पटक हामीले यहि कुरा पायौं । हाम्रो प्रस्तुति भने हिजो पनि त्यस्तै थियो र आज पनि । बरू उहाँहरूको प्रस्तुतिमा त्यस्तो सकारात्मक देखिन्थ्यो । समग्रमा भन्दा हाम्रो सम्बन्ध सकारात्मक तर्फ गएको छ ।

प्रसंग बदलौं, नेपालको धेरै ठाउँमा भारतले मिचेको छ भन्ने कुरा आउनेगर्छ । यो विषयमा बैठकमा कुरा उठाउनुभयो ?

दुई देशका नापी विभागका प्रतिनिधि सम्मिलित टोलीले नापेर सकेको र पाँच प्रतिशत भन्दा कम टुंग्याउन बाँकी भएको भनिएको छ, त्यो कालापनी र सुस्ता जस्ता ठाउँको कुरा हो । तर नेपाल र भारतको सीमालाई त्यति टेक्निकल लाईनबाट मात्र हेरिनुहुँदैन । सीमा ब्यवस्थापन भन्ने बित्तिकै यसका अनेक पाटा छन् । सीमा ब्यवस्थापनमा पिल्लरको कुरा मात्र छैन । सीमा निर्धारण गर्ने कुरा, अहिले जीपीएस प्रणाली अन्तर्गत हामी त्यसको ब्यवस्थापन गर्दैछौं । दोस्रो भनेको कालापानी, सुस्ता जस्ता ठाउँको विवाद टुंग्याउनु पर्नेछ । अर्को सीमामा हुने नो म्यान्सल्याण्ड फिक्स्ड गर्नुपर्छ । त्यो यस्तो ठाउँ हो जहाँ कोही रहन सक्दैन । मानव बसोवास गर्नुहुँदैन । अनि सँगसँगै हाम्रा सीमानामा बस्ने जो जनता छन् दुबै तर्फका तिनीहरू बीच विशेष सम्बन्ध छ । उनीहरूको सामाजिक सम्बन्ध र आवागमन नबिग्रियोस् भन्नेमा हामी सचेत छौं । त्यसो हुँदा एउटा मात्र विषय छैनन् । यी सबै कुरालाई पनि लिएर नयाँ ब्यवस्थापन गर्दै अगाडि बढ्नुपर्नेमा दुबै देश सहमत छौं ।

नो म्यान्सल्याण्ड भन्नुभयो, यो सम्भव छ ?

इपीजी बैठकमा हरेक विषय यो यस्तो भनेर विषय राखेरै कुरा अघि बढ्छन् र बढे पनि । तर त्यहाँ तैंले यसो गरिस् नभनेर सीमानालाई अन्तर्राष्ट्रिय मापदण्डमा लैजाउँ भन्ने विषय उठ्दा उनीहरूले सहमति जनाएपछि कुरा टुंगियो । त्यहाँ १० तले विल्डिङ होस् या झुप्रा हुन् सबै मापदण्ड अनुसार हट्छन् भन्ने नै हो । यदि उनीहरूले मानेनन् भने त्यसरी ब्याख्यामा जानुपर्छ ।

यस्ता बैठकमा बस्दा भारतीय प्रतिनिधिको हेपाहा प्रवृति हुन्छ भनिन्छ नी, यसमा कति सत्यता छ ?

यसअघि के भए मैले अनुभव सुनाउन सक्दिनँ । तर हामीले हाम्रा बैठकमा बस्दा हामी दुई देशका प्रतिनिधिका हैसियतमा बसेका छौं, बस्यौ । यो मुलुकको अखण्डता, स्वाभिमान, जनताको भावनाको प्रतिनिधित्व गरेर गएको मान्छेको हैसियतले हामी त्यहाँ प्रस्तुत हुने हो । उनीहरू जस्तै हामीले पनि कहिँ कतै तलमाथि महसुस गरेनौं र त्यो हुन पनि दिदैनौं । त्यो हाम्रो दायित्व पनि हो । जनसंख्या र भूगोलको आधारमा कोहि सानो ठूलो हुन सक्ला तर, हामी दुई देशका प्रतिनिधि हौं र हाम्रो हैसियत बरावरी हो भन्ने कुरामा कतै होचो महसुस गरेनौं । दुई देशबीच सम्बन्ध प्रगाढ बनाउनैका लागि यो समुह गठन भएकाले छलफलमा उठेका विषयहरूलाई टुंगोमा पुऱ्याउँछौं । हामी दुबै देशका प्रतिनिधि यस विषयमा प्रतिबद्ध छौं ।

भारत धेरै कुरामा सकारात्मक छ भन्नुभयो, के सन् १९५० को सन्धि पुनरावलोकन गर्न पनि तयार भएको हो ?

इपीजी गठन नै सिमानाका अधिकांश विषय र सन्धीका विषयलाई लिएर गठन भएको हो । नेपाल र भारतको बीचमा भएको यो सन्धि जतिबेला सहि गरियो त्यो बेला देखि नै विवादित सन्धी भयो । त्यो विवादित सन्धी खासगरी नेपाल पक्षले यो असमान छ भनेर उठाएपछि यसलाई दुई सार्वभौमसत्ता सम्पन्न मुलुकको समान हैसियत बनाउनका लागि यो अभ्यास हो हाम्रो । त्यसैले यो अभ्यासमा तलमाथि हुनेगरी काम हुन्छ भन्ने कल्पना पनि गर्नुहुँदैन । यसमा भारत सकारात्मक छ र हामी पनि यस विषयमा छलफल गरिरहेका छौं ।

यस विषयमा खासगरी कहिले-कहिले कुरा उठेका छन् ?

१९५० को सन्धि पुनरावलोकन हुनपऱ्यो भनेर १९९५ नेकपा एमालेका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले कुरा उठाउनुभएको हो । भारत भ्रमणमा जाँदा उठाउनुभएको हो । त्यो बेलाका परराष्ट्रमन्त्री माधव नेपालले पनि उठाउनु भएको विषय हो । त्यसपछि धेरै पटक उठेका छन् । तर यसरी दुबै देश बीचका प्रतिनिधि बसेको एउटा बैठकले औपचारिक रूपमा कुरा उठाएको यो पहिलो पटक हो । यसको सकारात्मक पाटो के छ भने कंग्रेस आईको नेतृत्वको बेला यो कन्सेप्ट अघि बढ्यो र नरेन्द्र मोदीको पालामा त्यसमा सिग्नेचर भयो । नेपालमा पनि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको पालामा माओवादीबाट यसको सोच अगाडि सारेको हो । यसरी नेपालमा मेजर तीन पार्टी यसको लागि तयार छन् ।

अन्त्यमा, तपाईंहरुले यो प्रतिवेदन तयार गरेर दुबै सरकारलाई बुझाउने भन्नुभएको छ, त्यो कसरी र कहिले पुग्छ ?

जुन ड्राफ्ट गर्ने भनेका छौ, त्यो लेखनको करिव करिव नजिक पुगेका छौं । किनकि हामीले धेरै विषय टुंग्याएका छौं । ती विषयहरूलाई समेट्दै जाने र नटुंगिएका विषय टुंग्याउँदै लेख्दै जाने भन्ने निर्णय भएको छ र सबै ड्राफ्ट तयार भएपछि अन्त्यमा एउटा प्रतिवेदन तयार गर्ने भन्ने हाम्रो निर्णय भएको छ । हामी त्यहि अनुसार काम गरिरहेका छौं । हाम्रो कार्यकाल सकिन लागेको छ । हामीसँग भएको बाँकी छोटो समयमा बुझाई सक्नुपर्नेछ । त्यसैले हामी दुबै देशका प्रतिनिधिहरू जतिसक्दो धेरै विषयमा निकास दिनेगरी प्रतिवेदन लाने तयारीमा छौं ।

ネパール語と日本語を学びましょう - 169
(नेपाली र जापानी भाषा सिकौं)

日本語 (जापानी भाषा)	日本語の発音 (जापानी उच्चारण)	ネパール語 (नेपाली भाषा)	ネパール語の発音 (नेपाली उच्चारण)
症状(しょうじょう)	स्योउज्योउ	लक्षण	ラクチャン
頭痛(ずつう)	जुचुउ	टाउको दुख्ने	タウコ・ドゥクネ
片頭痛(へんずつう)	हेन्जुचुउ	माइग्रेन	マイグレン
二日酔い(ふつかよい)	फुचुकायोइ	ह्यांगओभर	ヒャングオバー
熱(ねつ)	नेचु	ज्वरो	ジョロ
咳(せき)	सेकी	खोकी	コキ
目眩(めまい)	मेमाइ	रिंगटा लाग्ने	リンガタ・ラクネ
腹痛(ふくつう)	फुकुचुउ	पेट दुख्ने	ペート・ドゥクネ
痙攣(けいれん)	केइरेन	कांम्ने	カムネ
認知症(にんちしょう)	निन्चिस्योउ	बिर्सिने रोग	ビルシネ・ログ
脱毛(だつもう)	दाचुमोउ	कपाल झर्ने	カパル・ジャルネ
頭(あたま)のかゆみ	आतामा नो खायुमी	टाउको चिलाउने	タウコ・チラウネ

कान्तिपुर मार्ट
यहाँहरुको भान्सादेखि रेष्टुरेन्टसम्मका दैनिक अत्यावश्यकीय उपभोग्य सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध गराईन्छ । होम डेलिभरी (थाक्युबिन) को पनि ब्यवस्था छ, अवश्य सम्झनुहोला । साथै टिपिकल स्वादिष्ट नेपाली खानाका लागि भेटघाट रेष्टुरेन्ट सेवामा प्रतिक्षारत छ ।

Contact for More Details
KANTIPUR MART
Tel: 03-5937-1790
JR Yamanote line, Shin-Okubo Station (Only 2 Min. Walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00~24:00

आशा एशियन फुड
यहाँहरुलाई आवश्यक पर्ने दैनिक उपभोग्य सामाग्रीहरु सुपथ मुल्यमा पाईन्छ । होम डेलिभरी (थाक्युबिन) को पनि ब्यवस्था छ, सेवामा हाँजिर छौं ।

Contact for More Details
ASHA ASIAN FOOD
Tel: 03-6205-5474/080-6616-4040
JR Yamanote Line, Shin-Okubo Station (Only 3 Min. Walk)
1-4-19 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00~25:00

टोकियोका ४ हजार...

मध्ये धेरैले सन् २००८ को आर्थिक मन्दीको समयमा रोजगार गुमाएको र ५० बर्ष उमेर समुहकाहरूले भने उमेरको कारण काम पाउन गाह्रो भएको सर्बेक्षणको क्रममा बताएका छन् । सन् २०१६ नोभेम्बर देखि २०१७ जनवरीसम्ममा टोकियोका ५ सय २ नेट क्याफेहरूमा सो सर्बेक्षण गरिएको समाचारमा उल्लेख छ । नेट क्याफेमा रात बिताउनेहरू मध्ये करिब २५ दशमलव ८ प्रतिशत सुत्ने ठाउँ नभएको कारण त्यहाँ आउने गरेको पाईएको छ । टोकियोका नेट क्याफेहरूमा प्रत्येक रात करिब १५ हजार ३ सय जनाले रात बिताउने गरेको र ति मध्ये ४ हजार जना सुकुम्बासी अर्थात होमलेस भएको बताईएको छ ।

उक्त सर्बेक्षणमा सहभागी क्याफेमा रात बिताउने हरूमध्ये ४३ दशमलव ८ प्रतिशतको आफ्नो बासस्थान नभएको र १० दशलमव ७ प्रतिशतको आम्दानी नै नभएको पनि तथ्याङ्कबाट थाहा लागेको छ ।

जापानमा विदेशी कामदारहरुको संख्या बढ्यो

❑ नेस संवाददाता

टोकियो - जापानको श्रम मन्त्रालयले जापानमा १२ लाख ७८ हजार भन्दा बढि विदेशी कामदारहरू रहेको जनाएको छ ।

तिव्ररूपमा आर्थिक विकास गरिरहेको विश्वकै तेस्रो शक्तिशाली अर्थतन्त्र भएको म'ल'क जापानमा विदेशी विद्यार्थी, प्रशिक्षार्थी कामदारहरूबाट जनशक्तिको परिपूर्ति गरिनुपर्ने वाध्यात्मक अवस्थाका कारणले विदेशी कामदारको संख्या बढिरहेको र गत अक्टोबर समान्तमा १२ लाख ७८ हजार ६ सय ७० जना विदेशी कामदारहरू रहेको श्रम मन्त्रालयले जनाएको छ । यो संख्या अघिल्लो वर्षको भन्दा १८ प्रतिशत अर्थात १ लाख ९४ हजारले बढि रहेको मन्त्रालयले जनाएको छ ।

सन् २००८ यताबाट लिइएको तथ्याङ्क अनुसार पछिल्लो अंक सर्वाधिक हो । मन्त्रालयका अनुसार जापानमा रहेका कामदारहरू मध्ये सबैभन्दा धेरै चीनियाँ ३ लाख ७२ हजार, दोस्रोमा भियतनामी २ लाख ४० हजार र तेस्रोमा फिलिपिनी १ लाख ४६ हजार छन् । जापानमा आएका भियतनामी कामदारको संख्या २०१६ को तुलनामा ४० प्रतिशतले बढेको छ । त्यसैगरी

ब्राजिलियन १ लाख १७ हजार २ सय ९९ र नेपाली ६९ हजार २ सय ११ जना रहेको समाचारमा उल्लेख छ । नेपाली कामदारहरूको संख्या अघिल्लो वर्षको तुलनामा ३१ प्रतिशतले वृद्धि भएको छ ।

अघिल्लो वर्षको तुलनामा स्थायी आवासिय र जापानीका परिवारको रूपमा रहेका विदेशी कामदारहरूको संख्या ११ प्रतिशत वृद्धि भई ४ लाख ५९ हजार १ सय ३२ जना पुगेका छन् । त्यसैगरी विद्यार्थीहरू २४ प्रतिशत वृद्धि भई २ लाख ५९ हजार ६ सय ४ र प्रशिक्षार्थी कामदारहरू २६ प्रतिशत वृद्धि भई २ लाख ५७ हजार ७ सय ७८ जना पुगेको तथ्यांक छ ।

विदेशी कामदाहरू मध्ये ३ लाख ८५ हजार निर्माण क्षेत्रमा संलग्न छन् ।

जापानमा कामदारको संख्या न्यून हुँदै गएकोले त्यसको परिपूर्तिका लागि विद्यार्थी, प्रशिक्षार्थी कामदारहरूलाई थोरै पैसामा लिएर कामदारहरू आवश्यकता पूरा गर्ने गरिएको पाइएको छ ।

ड्रायर मेशिनमा थुनिएर ओसाकामा ५ वर्षीय बालकको मृत्यु

❑ नेस संवाददाता

टोकियो - कपडा सुकाउने ड्रायर मेशिनमा थुनिएर ओसाकामा ५ वर्षिय बालकको मृत्यु भएको छ ।

ओसाका प्रहरीका अनुसार शनिवार अपरान्ह ३ बजेतिर उनका पीताले ती बालकलाई मेशिनभित्र अचेत अवस्थामा फेला पारेका थिए ।

ओसाकाको साकाई नगरी निवासी ती जापानी नागरिक शनिवार अपरान्ह बच्चासंगै सुतेको र ब्युँझदा बच्चा नभेटेपछि खोजी गर्दा ड्रायर मेशिनमा थुनिएको अवस्थामा फेला पारेपछि तुरून्त एम्बुलेन्सको सहायताले अस्पताल पुऱ्याए पनि अस्पतालले मृत्यु भईसकेको घोषणा गरेको थियो ।

बाबुसंगै सुतेको बच्चा बाबु मस्त निदाएको अवस्थामा ब्युँझेपछि खेल्दै जाँदा नजिकै रहेको आफ्नै अपार्टमेन्टको ड्रायर मेशिनमा छिर्न पुगेको र भित्रबाट ढोका बन्द भएपछि निसासिएर मृत्यु भएको हुनसक्ने प्रहरीले अनुमान लगाएको छ । एक मीटर अग्लो, ७० सेमी चौडा र ६० सेमी गहिराई भएको सो कपडा सुकाउने मेशिनको ढोका भित्रबाट खोल्न नमिल्ने र पानीरहित सुख्खा रहेकोले बच्चाको निधन भएको हुनसक्ने प्रहरीलाई उद्धृत गर्दै जापानटुडेले जनाएको छ । घटनाको समयमा बच्चाकी आमा घरबाहिर रहेको बताईएको छ ।

सन् २०१५ मा पनि टोकियोमा समान प्रकृतिको घटनामा ७ बर्षिय बालकको मृत्यु भएको थियो । धोएका कपडा सुकाउनका लागि बनाईएका यस्ता मेशिनको ढोका स्वचालितरूपमा बन्द हुने र भित्रबाट खोल्न नमिल्ने सिष्टममा पुनर्विचार गर्न उत्पादक कम्पनीलाई त्यतिबेलै सुझाईएको थियो ।

ब्यालेस्टिक मिसाइल आक्रमणबाट बच्न टोकियोमा अभ्यास

❑ नेस संवाददाता

टोकियो - ब्यालेस्टिक मिसाइलको आक्रमणबाट बच्ने तयारीका लागि मध्यवर्ती टोकियोमा सोमबार एन्टी-मिसाइल आक्रमणको अभ्यास गरिएको छ ।

उत्तर कोरियाले लगातार गरिरहेको मिसाइल आक्रमणबाट के कसरी सुरक्षित रहने भन्ने बारेमा सुसूचित गराउनका लागि केन्द्रीय सरकार र टोकियो महानगरीय सरकारको संयुक्त आयोजनामा टोकियोमा पहिलो पटक भएको यस अभ्यासमा सयौं नागरिकको सहभागिता रहेको एनएचकेको समाचारमा उल्लेख गरिएको छ ।

यो अभ्यास भूमिगत रेल स्टेशन, मनोरञ्जन पार्क, विभिन्न वडा कार्यालयहरू लगायतका ठाउँहरूमा गरिएको थियो । सहभागीहरूलाई जे- अलर्ट प्रणालीको माध्यमबाट मिसाइल प्रक्षेपणको सूचनाको जानकारी हुने बारेमा केन्द्रीत गरि अभ्यास गराइएको थियो । जे-अलर्ट प्रणाली जापानमा देशव्यापी रूपमा रहेको आपतकालिन सूचना प्रणाली हो ।

तिव्र गतिको मिसाइल टाकियोसम्ममा पुग्न लाग्ने समयलाई ध्यानमा राखेर सो अभ्यास करिव १० मिनेटसम्म गरिएको थियो ।

इश्वर पौडेलको अध्यक्षतामा लक्की टीम जापान गठन

❑ नेस संवाददाता

टोकियो - नेपालको दुर्गम क्षेत्रमा शैक्षिक तथा स्वास्थ्य सेवामा सक्दो सहयोग पुऱ्याउने उदेश्यले जापानमा रहेका नेपाली युबाहरूले लक्की टिम जापान गठन गरेका छन् ।

गैर राजनैतिक र सामाजिक संस्थाको रूपमा रहने गरि गठन गरिएको सो संस्थाको अध्यक्षमा इश्वर पौडेल सचिवमा सुरज श्रेष्ठ, कोषाध्यक्षमा विशाल अधिकारी रहनुभएको छ

त्यसैगरी सदस्यहरूमा सुरेन्द्र पोखरेल, कुमार अधिकारी, रक्की परियार, दिप महर्जन, आकाश ठकुरी, राजु गिरी, नविन अधिकारी, लक्ष्मण पौडेल, सुरेन लामा, नविनकाजी थापा रहेका छन् । त्यस्तै अन्य सदस्यहरूमा दिपक पौडेल, रविन श्रेष्ठ, महात्मा श्रेष्ठ, रेशम किंराती, बिमला जिम्बा, शिव शर्मा, बिष्णु भुसाल, भुवन भण्डारी, मनोज केसी, नेत्रबहादुर रोक्का, अर्जुन पहाडी, प्रज्वल महर्जन, सञ्जय महर्जन, दिपेन महर्जन, नवराज गिरी, रूपक दवाडी, अनमोल श्रेष्ठ र सुशील भण्डारी रहेका छन् ।

कामदारको आवश्यकता

正社員も募集しています。

業務内容：通訳・翻訳

資格：ネパール/日本の大学(卒業)

日本語能力：N2以上

तरकारी, सलाद, फलफूल, बेन्तोउ, रामेन लगायत खाद्यपदार्थ उत्पादन कम्पनीहरुमा काम उपलब्ध छ ।

चिवा केन दिवा सिफ्ट घण्टाको 900 येन

(फुनावासी, चुदानुमा, खाचुतादाई वरपर बस्नुहुनेहरुको लागि)

खानागावा केन

(सागामिहारा, हासीमोतो, हाचिओउजि, एविना माचिदा वरपर बस्नुहुनेहरुको लागि)

दिवा सिफ्ट

घण्टाको 1000-1250 येन

आइचि केन

(नागोया एकीबाट ट्रेनमा 30-40 मिनेट लाग्ने ठाउँमा)

रात्री सिफ्ट घण्टाको 1125 येन

दिवा सिफ्ट घण्टाको 900 येन

टोकियो तथा साइतामा

(ताचिखावा, खावागोए वरपर बस्नुहुनेहरुको लागि)

घण्टाको 900 येनदेखि 1250 येनसम्म ।

नोटः कृपया शरणार्थी आवेदन दिइएकाहरुले सम्पर्क नगर्नुहोला ।

- ✔ धेरै जना नेपालीहरुले काम गर्दै हुनुहुन्छ ।
- ✔ हप्ताको 2-3 दिनको काम पनि OK !
- ✔ स्टुडेन्ड, डिपेन्डेन्ट भिषा भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।
- ✔ एइज्यु, तेइज्यु भिषा भएकाले हप्तामा 5-6 दिन काम गर्न सक्नेछन् ।
- ✔ कम्पनीसम्म बसको पनि व्यवस्था छ ।

सर्वप्रथम फोन गर्नुहोस् जापानी भाषा नजान्नेका लागि नेपाली कर्मचारीहरुद्वारा सहयोग गर्ने व्यवस्था गरिएको छ ।

K LINE K·LINE GROUP
Homepage: www.k–linegroup.co.jp

सम्पर्कः
विहान १० बजेदेखि
साँझ ६ बजेसम्म

निराजन:080-5433-9651 रमिता:080-5872-6984
देवेन्द्र:070-2189-4246 रमिला:070-2189-4244
मुकिया:080-1297-0012
K-line Primeira

टोकियोमा नेवाः फुड फेस्टिवल

❑ नेस संवाददाता

काठमाडौं - जापानीहरू बीच नेवारी समुदायको खाना एवं परम्परा, सँस्कृतिको

प्रबर्द्धन गर्ने उद्देश्यले टोकियोमा पहिलो पटक नेवाः फुड फेस्टिवल सम्पन्न भएको छ ।

वर्ल्ड नेवाः अर्गनाईजेशन जापानद्वारा आयोजित नेवाः फुड फेस्टिवलमा नेवारी खाना र सँस्कृति झल्कने भेषभूषा, कुमारी, लाखे, चर्या नाचका साथै विभिन्न गीत र नृत्यको प्रस्तुतीले कार्यक्रमस्थल नेपालमय बनेको थियो ।

जापानी तथा नेपालीहरूको उल्लेख्य सहभागिता रहेको सो कार्यक्रममा जापानीहरूको बीचमा नेवारी खाना र सँस्कृतिको बारेमा सकारात्मक सन्देश प्रवाह भएको संस्थाका मासाहिरो यामाकावा 'ब्याँचादाइ' ले बताउनुभयो ।

नेवारी भेषभूषामा नेपाली तथा जापानीहरूको सहभागिताका साथै नेपाली तथा जापानी कलाकारहरूद्वारा नेवारी गीत तथा नृत्यहरू प्रस्तुत गरिएको सो कार्यक्रममा धिमे र भुस्या बाजाले सहभागीहरूलाई छमछमी नचाएको थियो । नेवारी पोशाकमा सजिएका सहभागीहरूले जापानमा रहेर पनि आफ्नो सँस्कृतिमा रमाउन पाएकोमा प्रसन्नता ब्यक्त गरेका थिए ।

कार्यक्रमका अतिथिहरूलाई नेवारी समुदायको प्रचलित परिकार समे बजीले स्वागत गरिएको थियो । कार्यक्रमको प्रमुख अतिथिमा जापानका लागि नेपाली राजदूत प्रतिभा राणा रहनुभएको थियो भने अन्य बिशेष अतिथिहरूमा नेपालका लागि पूर्व जापानी राजदूत मासायुकी कोजिमा, जापान नेपाल संघका अध्यक्ष योशिनागा हिदेआकी, हिरोसिमा युनिभर्सिटीका प्राध्यापक डा. केशवलाल महर्जन, एनआरए जापानका उपाध्यक्ष देविलाल भण्डारी लगायतका हुनुहुन्थ्यो ।

कार्यक्रम संयोजक सुनिलकुमार शाक्यको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा नेपालबाट आमन्त्रित नेवाः जागरण मञ्च नेपालका अध्यक्ष सुजिब बज्राचार्य लगायत नेपाल स्थित बिभिन्न संघ संस्थाका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

नेवाः फुड फेस्टिवलको अवसरमा नेवाः सुपर स्टार पुरस्कारको घोषणा समेत गरिएको छ । नेवारी समुदायका सिने कलाकारूहरूको प्रोत्साहन स्वरूप घोषणा गरिएको उक्त पुरस्कारको राशी एक लाख रूपैयाको हुने आयो जक संस्थाका अर्का सदस्य कुमार बज्रले जानकारी दिनुभयो । प्रत्येक वर्ष एकजना नेवाः सुपर स्टार घोषणा गरी उक्त पुरस्कार दिइने छ ।

नेपाल भाषा कला, सँस्कृति उत्थानका लागि हरेक नयाँ वर्षमा आर्थिक सहयोग अभियानअन्तर्गत उक्त पुरस्कारको घोषणा गरिएको र यस अभियानलाई सफल पार्न संसारभर रहेका नेपालीहरूलाई सहयोग गर्न संयोजक शाक्यले अपील गर्नुभएको छ ।

लोक तथा दोहोरीगीत प्रतिष्ठान जापान शाखाको अध्यक्षमा आचार्य

❑ नेस संवाददाता

टोकियो - राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान जापान शाखाको आइतवार सम्पन्न प्रथम अधिवेशनले युवराज आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ ।

अधिवेशनको नेपाली राजदूतावासका उपनियोग प्रमुख कृष्णचन्द्र अर्याल, प्रतिष्ठानका केन्द्रिय उपाध्यक्ष रमेश विजी, बागलुङ क्षेत्र नं १ का सांसद डा. सूर्य पाठक लगायतले उद्घाटन गरेका थिए ।

आइतबार टोकियोमा सम्पन्न प्रतिष्ठानको प्रथम अधिवेशनले आचार्यको अध्यक्षतामा २७ सदस्यीय कार्यसमिति चयन गरेको हो । अधिवेशनबाट जापान शाखाको उपाध्यक्षद्वयमा सूर्य खड्का र पुरूषोत्तम सिग्देल चयन भएका छन् भने सचिवमा नारायण कँडेल, सहसचिवमा माधव सिग्देल र सोना केसी चयन भएका छन् । यसैगरी कोषाध्यक्षमा ऋषिराम पौडेल र सहकोषाध्यक्षमा महेन्द्र न्यौपाने चयन भएका छन् ।

यसैगरी सदस्यहरूमा यदुराम सापकोटा, चेतन घर्ति मगर, प्रभा न्यौपाने, खड्क पुन, रमेश पाण्डे (छवि), खेमराज पौडेल, होम पुन, निशा क्षेत्री, बिष्णु कँडेल, विशाल क्षेत्री, नारायण अधिकारी, दिपक शर्मा, प्रकाश कँडेल, रेखा थापा मगर, दिपेन खत्री, समुन्द्रराज पौडेल, अमित सापकोटा, प्रेमकुमार बस्नेत र नकुलप्रसाद गौतम चयन भएका छन् ।

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानका विदेश विभाग प्रमुख समेत रहेका वरिष्ठ उपाध्यक्ष रमेश विजीको बिशेष उपस्थितिमा भएको शाखाको अधिवेशनमा सचिव नारायण कँडेलको स्वागत मन्तब्य रहेको थियो भने विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले शुभकामना मन्तब्य दिएका थिए ।

अधिवेशन समारोहमा कलाकारहरूले साँस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरेका थिए ।

गायक खड्काको 'पोखरामा फेवा'

❑ नेस संवाददाता

टोकियो - आफूलाई परदेशी गायकका रूपमा परिचित गराउँदै नेपाली सांगीतिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल सूर्य खड्काले एकपछि अर्को सांगीतिक कोसेली प्रस्तुत गर्ने क्रममा मौलिक पञ्चेबाजाको गीत 'पोखरामा फेवा' लिएर दर्शक श्रोतामाझ आएका छन् ।

बुलबुल ताल अनि चर्चित फेवाताललाई समेटेर प्रेमिल शब्दहरूद्वारा उक्त सृजनालाई सुसज्जित पारिएको छ ।

गायक खड्काकै प्रस्तुतिमा रहेको यस एल्बमलाई हालसम्म प्रकाशित भएका मध्ये निकै मेहनत गरी बनाएकाले सफलताको आशा पनि उच्च रहेको उनले बताए ।

शब्द रचनामा बेग्लै छवि बनाएका शिव अखेली र इश्वर कँडेलको शब्द संकलन रहेको यस एल्बममा लय संकलन भने गायक खड्काकै रहेको छ ।

गायिकाको रूपमा सुमधुर स्वर भएकी देवी घर्तीले खड्कालाई साथ दिएकी छन् । कमलाई मात्र जानकारी भएको बागलुङ्को रूद्र ताल, सुर्खेतको आफ्नै आधिकारिक सूर्य खड्का युट्युब च्यानलमार्फत प्रकाशमा ल्याइएको सो गीतलाई दर्शकमाझ चर्चित बनाउनका लागि विनोद भण्डारी र आरोसी मगरले उत्कृष्ट अभिनय गरेका छन् । गीतको निर्देशन भने कुमार केसीले गरेका छन् । गीतको बजार व्यवस्थापन गुँरास म्युजिक प्रालिले गरेको छ ।

विमल भारतीय क्लव मोहन वगानबाट खेल्ने

❑ नेस संवाददाता

काठमाडौं - भारतीय क्लब मोहन बगानले नेपाली युवा स्ट्राइकर विमल घर्तिमगरलाई अनुबन्ध गरेको छ ।

अहिले आई लिगको चौथो स्थानमा रहेको मोहन बगानले सोनी नोर्देको स्थानमा विमललाई अनुबन्ध गरेको बताइएको छ ।

उनको पारिश्रमिकको बारेमा भने कुनै कुरा खुलाइएको छैन । विमल

आइतबार नै कोलकात्ता जानेछन् र सोमबारदेखि अभ्यास खेल सुरू गर्ने गोल डट कमले जनाएको छ ।

कलकत्ताको मोहनबगान अहिले ११ खेलबाट १७ अंकसहित तालिकाको चौथो स्थानमा छ । अब विमलले बाँकी सिजन मोहनबगानबाट खेल्नेछन् । आई लिग मार्चसम्म चल्नेछ ।